



# खप्तड स्वामीज्यू मर्जिहुन्छ:

म स्वयँ न त कवि हुँ, न लेखक नै, एक सामान्य धर्मप्रिय एकान्तसेवी साधु मात्र हुँ।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## खप्तड स्वामीज्यूका "अमृत वचन"

मेरो आफ्नो जिवनमा जे-जति उपलब्ध गरेको छु र गरिरहेको छु तिनलाई ज्यादै कठोरताका साथ सबै प्रकारका प्रमाणका कसीहरुमा नजाँचीकन मैले स्वयं कहिले पनि सत्य रुपमा ग्रहण गरेको छैन या गर्दिनँ। मेरो विचारमा जे सत्य छ त्यो सदैव सत्य नै रहन्छ।अतः परीक्षा गर्नाले सत्यको चमक बढ्ने नै छ, घट्ने छैन।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


## धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

हामीहरु संसारको एक मात्र हिन्दू देशका नागरीकहौं, तथ्या हाम्रो संस्कृतिको धरातल अति उच्च छ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नम:


धर्मो रक्षति रक्षित:

# खप्तड स्वामीज्यूका "अमृत वचन"

सत्य त यो होकि हाम्रो जन्मको साथसाथ
हाम्रो स्वधर्म पनि जन्मन्छ।
त्यो हाम्रो जन्म भन्दा पहिलै
हाम्रो लागि तयार हुन्छ।

वेद हाम्रो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

सवश्रेष्ठ महापुरुषहरु शान्त, नीरव र अपरिचित हुन्छन्। विचारको प्रचण्ड शक्तिसित उनीहरु राम्ररी परिचित हुन्छन्। उनीहरुमा यो दृढ विश्वास हुन्छ-कुनै पर्वतको गुफामा गई त्यसको ढोका थुनेर चार-पाँच राम्रा विचारहरुको मनन गरेर मात्र संसार-बाट बिदा भए पनि ती चार-पाँच विचारहरु अनन्त कालसम्म विश्वमा व्याप्त रहनेछन्। वास्त-वमा यस्ता विचारहरु पर्वतलाई पनि चिरेर बाहिर निस्कन सक्दछन्, समुद्रहरुलाई पार गर्दछन् र संसारभर व्याप्त हुन्छन्। ती सद्विचारहरु मानिसहरुका हृदय र मस्तिष्कमा यति गहिरोसित घुस्दछन्, जसको फलस्वरुप मनुष्यहरुबाट नै नयाँ व्यक्तिहरु उक्त विचारहरुलाई कार्यरुपमा परिणत गर्न पैदा हुन्छन्। ती पूर्वोक्त सात्त्विक व्यक्तिहरु भगवन्को यति नजीक हुन्छन् कि यिनका लागि कर्मशील हुनु, परोरपकार गर्नु तथा संसारमा धर्म प्रचार आदि कार्य गर्नु साँच्चै नै असम्भव जस्तै हुन्छ।

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दु राष्ट्र नेपाल




## खप्तड स्वामीज्यूका "अमृत वचन"

अधर्मले शुरुमा त मानिस एक पटक सप्रन्छ। फेरि मोज,
सोख र आनन्द पनि गर्दछ र आफ्ना स-साना शत्रुहरुलाई
धनको बलले जित्छ पनि, तर आखिरमा जीउ, धन आदि
सन्तान सहित त्यसको जरो मासिन्छ। -मनु. ४।१७४

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्म-निरपेक्षको वास्तविक अर्थ के हो हजुर?

खप्तड स्वामीज्यू मर्जिहुन्छः-

धर्म-निरपेक्षको वास्तविक अर्थ हो सबै धर्महरुलाई समान आदर र आफ्नो धर्म प्रति दृढ आस्था एवम् "अगाध श्रद्धा"

तथा भ्रामक अर्थ छ -"कुनै पनि धर्मलाई नमान्नु"

दुर्भाग्यवश आजका युवापीढि ज्यादाजसो यसै भ्रामक अर्थको अनुयायी बन्दै गइरहेकाछन जसको फल स्वरुप अनुशासनहीनता र अनैतिकतापूर्ण वातावरणको सृजना हुँदै गइरहेको छ।

धर्म-विज्ञान (प्रथम-खण्ड) २०४४

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पूरुषका

# "अमृत वचन"

हिन्दूधर्मको एउटा विशेषता यो छ कि यसको व्यक्तिगत नाम छैन। प्राचिन शास्त्रहरुमा 'हिन्दूधर्म' नामको कुनै उल्लेख गरिएको छैन। हिन्दू शब्द सिन्धु शब्दको विकृत रुप हो। सिन्धु नदीको पारि बसोवास गरेका हुँदा ती देशका मानिसहरुलाई पश्चिमका मानिसहरुले 'स' लाई 'ह'-कारको रुपमा उच्चारण गरेर हिन्दू भनेर पुकारे र उनिहरुको धर्मलाई हिन्दूधर्म भने। प्राचीन शास्त्रहरुमा यस धर्मको उल्लेख केवल धर्मको रुपमा गरिएको छ। यसबाट थाहा हुन्छ-प्राचीन युगमा दुनियाँमा हिन्दूधर्म बहेक अर्को धर्म थिएन (यस आशयलाई लुकाउन पाश्चात्यहरुद्वारा पाश्चात्य कालनिर्णय-पद्धतिको निर्माण गरिएको थियो) कुनै कुनै शास्त्रमा यस धर्मलाई सनातन धर्म पनि भनिएको छ- एष धर्मः सनातनः यो सनातन धर्म हो। सनातन धर्म शब्दबाट हिन्दूधर्मको केवल एउटा विशेष गुणको उल्लेख हुन्छ। सनातनको अर्थ हो नित्य स्थायी अर्थात उसको कुनै व्यक्ति या समूहद्वारा उत्पत्ति भएको हुँदनै। कुनै समयमा कुनै व्यक्ति- विशेषद्वारा यो धर्म प्रचलित भएको थिएन। श्रीमरा, श्रीकृष्ण, व्यास र वाल्मीकि-यीमध्ये कुनै पनि यस धर्मका संस्थापक होइनन्। उनिहरुभन्दा पहिले पनि यो धर्म थियो। उनिहरुले पनि यो धर्मलाई अनादि र सनातन भनेका छन्।

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

धर्म-विज्ञान (प्रथम-खण्ड) २०४४




खप्तड स्वामीज्यूका "अमृत वचन"

सभ्यताको कल्पनातीत उन्नति एवं भोगैश्वर्यको असीम सम्भारवीच पनि मनुष्यको आत्मा आज दैन्यले पीडित छ।उसभित्र शून्य एवं हाहाकार छ। नैतिक दृष्ठिबाट उसको टाटउल्ट्यो र आद्यात्मिक दृष्ठिबाट ऊ कङ्गाल बन्यो।




धर्म·विज्ञान (प्रथम·खण्ड)-७८- २०४४




धर्मो रक्षति रक्षितः

खप्तड स्वामीज्यूका "अमृत वचन"

हजार हन्डर खाएपछि विवश भएर मुख उल्टो गराई
फेरि यतै नफर्की सुख छैन।
भौतिकवादको असंभ्यपूर्ण मार्ग एक महाविनाशकारी
गहिरो खाल्डोमा गएर समाप्त हुन्छ।
फर्क आफैतिर, दुराग्रह नगर।

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "ज्ञानरुप चैतन्य अनादि औ सर्वव्याक छ"

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः


# खप्तड स्वामीज्यूका "अमृत वचन"

## वाह ! कलिकालका साहसी मानव !

## तिम्रो धृष्टता लाई स्याबासी छ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

भगवान् श्रीशङ्कर मर्जिहुन्छ :क्षमाशील परोपकारी पुरुष मलाई भगवान् श्रीरामसमान प्रिय हुन्छन्।

वेद हामो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

"सुख धर्मको पालनविना मिल्दैन।
अतःसुख चाहनेहरुले धर्मपरायण हुनुपर्छ"।





# खप्तड स्वामीज्यूका "अमृत वचन"

वास्तवमा हामी व्यभिचारि बनिरहौं,
हामीलाई सँसार सदाचारी सम्झोस,
हामी घुसखोर बनिरहौं, सँसार हामीलाई
ईमानदार सम्झोस, हामी दुष्ट बनौं,
सँसार हामीलाई सज्जन सम्झोस,
प्रत्येक क्षेत्रमा यही कुरा लागू हुन्छ।

ॐ म र मेरो कर्त्तव्य ॐ २०४४, पजे १९

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## खप्तड स्वामीज्यूका “अमृत वचन”

भगवानसंग यही प्रार्थना छ, हाम्रा भावि नागरिकहरु अधिकाँस अधिक शिक्षित (खाली साक्षर होऊन), अनुशासित, कतर्व्यनिष्ट तथा आफ्नो दायित्वलाई पालन गर्ने दृढ-प्रतिज्ञ बनून्।



# खप्तड स्वामीज्यूका "अमृत वचन"

ॐ श्री गुरुपरमात्मने नमः


## धर्मो रक्षति रक्षितः

## ॐ म र मेरो कर्त्तव्य ॐ २०४४

खप्तड तपोभूमिमा वस्ने एक चिन्तकको नाताले मेरो मनमा धेरै पटक उब्जिरहने एक मुख्य कुरा यही छ कि विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपालमा विगत केही दशकदेखि धार्मिक शिक्षाको स्तर अनुपातमा ऱ्हास हुँदै गइरहेको छ । यही पद्धति कायम रहने हो भने केही वर्षपछि हाम्रा पूर्वजहरूले हाम्रै लागि छोडेर गएका धार्मिक शिक्षाका पाठहरू हामीले अन्य संस्कृति तथा समुदायवाट सापट माग्नुपर्ने अवस्था समेत आइपर्न त्यति कठिन छैन । हाम्रो संस्कृतिको मूल स्रोत संस्कृत भाषा हिन्दू संस्कृतिदेखि बिल्कुल विपरीत संस्कृति भएका एशिया तथा यूरोपका कैयौं राष्ट्रहरूमा महत्त्व पाई पठनपाठन तथा अनुसन्धानको विषयसमेत भइरहेका छन् । हाम्रो देशको वर्तमान परिस्थितिअनुसार पनि समय त्यति बितिसकेको छैन, धार्मिक शिक्षा तथा हिन्दू संस्कृतिको संवर्धन तथा विकासको लागि समय अझै यथेष्ट छ । यस हिन्दू राष्ट्रमा धार्मिक शिक्षा एक अनिवार्य विषयको रूपमा प्रत्येक शिक्षा-मन्दिरहरूमा पढाइने प्रबन्ध गर्न सके विदेशी संस्कृतिले अलमलिन लागेका हाम्रा युवावर्गले देखासिकीबाट भौतिक प्रवाहमा नपरेर धार्मिक अनुशासनका साथै आफ्नो कर्तव्य र जिम्मेवारीलाई चिनेर अझै कर्मठ नागरिक हुने मौका पाउने थिए ।

**वेद हाम्रो धर्म शास्त्र हो**


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## खप्तड स्वामीज्यूका “अमृत वचन”

चरीत्र त्यो भूमि हो जाहाँ अन्य सबै वस्तु उत्पन्न हुन्छन्,
यदि त्यही नै खराव छ भने हरकुरो खराव नै हुन्छ।
मानिस ईमानदार, वचनको पालन गर्ने, सबैप्रति दयालु
र एकले अर्काप्रति गरेको कबूल(वचन)पूरा गर्ने आदि····
धार्मिक शिक्षाविना यी गुणहरुको आविर्भाव
नागरिकहरुमा हुनु असम्भव छ।
यसमा पानि जस्तो तिम्रो इच्छा छ त्यस्तै गर।

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "सेवा सव भन्दा ठूलो हतियार हो"



वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "नरम वोली र नरम व्यवहारले संसार जित्न सकिन्छ"

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "उत्तेजीत नहोउ"

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

धनबाट १५ दोष उत्पन्न हुन्छन्- चोरी, हिंसा, झूट, पाखण्ड, काम, क्रोध, गर्व, अहङ्कार, भेदबुद्धि, वैर, अविश्वास, स्पर्धा, लम्पटता, जूवा, मदिरा।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

एका लाख श्लोकहरूको पुन्ज 'महाभारत' संसारको सर्वोत्कृष्ट र बृहत्तम धर्मग्रन्थ हो। स्कन्दपुराणका ८१,००० श्लोक र पद्मपुराणका ५५,००० श्लोकले हिन्दू-वाङ्मयमा क्रमाश: दोस्रो र तेस्रो स्थान ओगटेका छन्। संस्कृतभाषामा रचित १,००० महाकाव्यहरूका नाम आज पनि सुनिन्छन्। प्रत्येक वर्ष लेखिदै पनि छन्। यी सारा कुरा हुँदा-हुँदै पनि हाम्रा पढे-लेखेका शिक्षित आधुनिक युवकहरूले 'हामी पाषाणयुगका गुफावासी असभ्यहरूका सन्तान हौ भनेको र मानेको सुन्दा मेरा आँखामा सहसा दुःखका आँसु भरिन्छन्, रोक्न खोज्दा पनि रोकिन्नन्। तिमी कसका वंशज हौ, आफूलाई चिन !!!

**वेद हामो धर्म शास्त्र हो**


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

श्रीभगवान्ले भन्नुभयो 'माधव ! म भक्तहरुको कष्ट सहन सक्तिनँ। भक्तको सेवाको लागि आफूबाहेक अरु कसैलाई उपयुक्त ठान्दिनँ, यसकारण मैले तिम्रो सेवा गरेको हुँ। तिमी स्वयं जान्दछौ-प्रारब्ध कर्म भोग नगरी नष्ट हुँदैन। यो मेरो दुर्लङ्घ्य नियम हो। यसकारण म केवल सेवा गरेर भक्तलाई प्रारब्धभोग गराउँछु र जगतलाई यही शिक्षा दिन्छु की भगवान् भक्ताधीन छन्'। यति भनेर भगवान् अन्तरध्यान हुनुभयो।

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षितः


## खप्तड स्वामीज्यूका "अमृत वचन"

"सबै देशहरुका सबै मनुष्य आफ्नो-आफ्नो शील, सदाचार र
चरित्रको शिक्षा ग्रहण गरुन्"। तर हामी अभागी आज पनि
पाश्चात्य देशहरुको संस्कृती-सभ्यता अन्धानुसरण गरि नै रहेछौं !!!

हाम्रो दुर्बुध्दि !!!

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

संसारमा यसप्रकार कर्म गर, मानौं तिमी एक विदेशी पथिक हौ, दुई दिनको निमित्त यहाँ आएका छौ। कर्म त निरन्तार गरी नै राख, तर आफूलाई बन्धनमा नहाल, बन्धन बडो भयानक छ। संसार हाम्रो निवासस्थान हैन, यो त ती सिंढीमध्ये हामी उक्लँदै जाने एक सिंढी हो।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन


ए मानव ! तिम्रो मस्तिष्क ईश्वरको ठूलो देन हो । ईश्वरले तिमीलाई यो उन्नत तथा विकसित मस्तिष्क सही दिशामा उत्पादनात्मक-सृजनात्मक भव्य विचार उत्पन्न गर्नका लागि प्रदान गरिएको छ । यसको सदुपयोग गर र आफ्नो आत्म विश्वास बढाऊ ।


एक महापुरुषको वाणी छ "मागेमा तिमीलाई मिल्नेछ, घच्घच्याएमा द्वार तिम्रो लागि खुल्नेछ, खोजेमा तिमीलाई प्राप्त हुनेछ ।"

"म आफ्नो आत्मालाई आफ्नो दिव्य रूप सम्झन्छु । ईश्वर मेरो आत्माको रूप धारणा गरेर ममा विराजमान छन् । मेरो मन, वचन तथा कर्महरूको माध्यमबाट ईश्वर नै प्रकट भइरहेका छन् ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


ॐ श्री गुरुपरमात्मने नम:
धर्मो रक्षति रक्षित:
खप्तड स्वामीज्यूका "अमृत वचन"
"सदा अन्तर-वाह्य पवित्र राख"
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

आश्चर्य त यस कुरामा छ- मरणधर्मा मनुष्य
अरुलाई लुटेर, मारेर स्वयं
सुख- शान्तिपूर्वक बाँच्न चाहन्छ।

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

# धर्मो रक्षति रक्षितः


# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "परम शान्ति र परमानन्द"

## जो सबै सङ्ग आफू भित्रै छ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "जुन मानिसमा मानवदेह-धारण गरेर पनि तत्त्वज्ञान प्राप्त गर्ने व्याकुलता छैन, उ नरदेहधारी पशुसिवाय केही होइन"

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

धर्मावतार युधिष्ठिर महाराजले सङ्कटको समयमा एकपट मात्र 'नरो वा कुञ्जरो वा,' मानिस अथवा हात्ति भनेक थिए।त्यसै काणर, जमीनभन्दा चार अङ्गुल माथि चल्ने उनको रथ साधारण रथहरुसरह जमीनमा चल्ने भयो र आखिरमा एक छिनका लागि नरक पनि जानुपर्‍यो।






# खप्तड स्वामीज्यूका "अमृत वचन"

राजा हरिश्चन्द्रले आफ्नो छोरा रोहितको शब, मृत्यूको शोक र घोर आपत्-विपत्मा परी आफ्ना सामुन्ने उभिएकी देखेर पनि पत्निको मोहलाई त्यागी आफ्नो मालिक चाण्डालप्रति आफ्नो कर्तव्य सम्भेर त्यसैको पालना गरे।

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




खप्तड स्वामीज्यूका "अमृत वचन"

यो विश्वास राख-अर्काको कल्याण गर्ने व्यक्तिको परिणाममा कहिल्यै अकल्याण हुनै सक्तैन।

निश्चय मान।






# खप्तड स्वामीज्यूका "अमृत वचन"

हामीहरुको जीवनमा पनि यस्ता अनके अवसरहरु आउँछन्। जब कर्तव्यको ठीक-ठीक बोध हुन्न र दुईटामध्ये कुन धर्मको पालना गर्ने भन्ने निर्णय आफ्नो बुद्धिबाट हुन सकेन भने त्यसबेला के गर्नु पर्छ ? आफूभन्दा बढी बुद्धिमान्, सदाचारी तथा धर्मात्मा मानिसको राय लिनुपर्छ र उनका आदेशको पालना गर्नुपर्छ। तर सम्मति लिनुपर्छ धर्ममा निष्ठावान् व्यक्तिको। केवल विद्वान् र बुद्धिमान् यस सम्बन्धमा राय दिने अधिकारी होइन।





# खप्तड स्वामीज्यूका "अमृत वचन"

शरीर आत्मा हैन र आत्मा अविनाशी छ-
यो हिन्दू-संस्कृतिको मुख्य सिध्दन्त हो।


एक परमात्माले नै अनेक रुप धारण
गरेको छ।जीव नै शिव हो।



**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल






खप्तड स्वामीज्यूका "अमृत वचन"

'जो पृथ्वीमा रहन्छ, उसले पृथ्वीको पालकलाई कर दिनैपर्दछ।

वेद हाम्रो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

सारांश यो हो-चाहे प्राण जाओस् तर धर्म नछुटोस्।
न कामनाको पूर्तिका लागि, न प्राण-भयले,
न लोभले नै धर्मको त्यग गर्नु।धर्म त नित्य वस्तु हो,
संसारका सुख दुःख चार दिनका हुन्।






# खप्तड स्वामीज्यूका "अमृत वचन"

एउटै नित्य अविनाशी सत्‌चेतन आनन्दमय आत्ममा यी प्रकृतिका अनेकौं खेल भइरहेका हुन्। यही सम्झेर र यसैतिर दृष्टि राखेर सधैं आत्मको ध्यान गर्दै शरीरले यथायोग्य-व्यवहार चलाऊ।

वेद हामो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

ए भोला मानिस! यो तँ होस! तरो यस्तो दुर्गति छ।
तेरा पापका कामहरुले तँलाई यहाँ पाप योनिमा
पछारेर यो दुःख भोगाएको छ। यदि तँ सुध्रिनस् भने
तँ हुनेछस् त्यसै ठाउँमा। कुनै बठ्याइँ काम लाग्ने छैन।


वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

सुकेशी नाम गरेको एक राक्षसले ऋषिहरुसगँ यो प्रश्न गरेको थियो जगत्मा श्रेय के हो? ऋषिहरुले बताए-यो लोक र परलोकमा धर्म नै श्रेय छ। साधुजन यो अक्षय धर्मको आश्रय लिनाले नै जगत्मा पूज्य छन् र धर्ममार्गमा चल्नाले सबै सुखी हुन सक्तछन्।

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

सनातनधर्मको वर्णविभाग-व्यवस्था, समाज-शरीरको स्वस्थता र सर्वाङ्गीण उन्नतिका लागि अत्यन्त उपयोगी र परम आवश्क छ। यो व्यवस्था मानवरचित हुँदै होइन। वर्णधर्मको रचना भगवान्द्वारा नै भएको छ। स्वयं भगवान्ले भन्नुभएको छ-

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः।-गीता ४।१३

अर्थात् गुण र कर्मको विभागद्वारा चार वर्ण ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र मद्वारा नै सृष्टि गरिएका हुन्।






खप्तड स्वामीज्यूका "अमृत वचन"

मनमा यस कुराको निश्चय गर कि शरीरको नाशबाट तिम्रो मृत्यु हुँदैन। तिमि शरीर होइनौ यस शरीरभन्दा पहिले पनि तिमि थियौ र पछि पनि रहनेछौ। तिमि आत्मा हौ। तिम्रो स्वरुप नित्य छ। जुन वस्तु नित्य हुन्छ, त्यहि सर्वव्यापी, अचल, स्थिर र सनातन हुन्छ।





# खप्तड स्वामीज्यूका “अमृत वचन”

यो निश्चित छ कि रोग,दुःख र अकाल मृत्यु आदि असत्य व्यवहार या पापको फल हो।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

वामन गम्भीर स्वरमा बोले-'राजन्! तृष्णाको पेट भरिदैन। अतः आफूलाई काम लाग्नेभन्दा बढी मलाई चाहिएन।'






## खप्तड स्वामीज्यूका "अमृत वचन"

संसारमा ती नै सुकृति पुरुष हुन् जो परहितका लागि पीडित रहन्छन्। ती सन्त हुन् जो अरुको पीडा पन्छाउँछन् र दुःखीहरुको दुःख हटाउन आफ्ना प्राणहरुको वास्ता राख्दैनन्। यस्तै परहितमा समर्पित सन्तहरुबाट नै पृथ्वीको धारण भएको छ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

## मनुष्य-शरीर भगवत्प्राप्तिका लागि प्राप्त भएको हो ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

मूलाधारमा साढे तीन फन्का बेरिएर मूखमा पुच्छर हालि जुन ज्योतिर्मयी नागमाता प्रत्येक प्राणीमा सुतिरहेकी छिन् ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

शरीर, इन्द्रिय, मन र आत्माको संयोग वा मिलनको अवस्थालाई आयु भनिन्छ। जुन शास्त्रमा आयुसम्बन्धी ज्ञान निहित हुन्छ र जसको ज्ञानबाट आयु प्राप्त हुन्छ त्यसलाई आयुर्वेद भनिन्छ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

## गल्ति गर

## तर गरेको गल्ति लाई फेरि नगर





# खप्तड स्वामीज्यूका "अमृत वचन"


## वर्ग-चेतनाको बृध्दिले मानवता टुक्रा-टुक्रा भइरहेछ।





# खप्तड स्वामीज्यूका "अमृत वचन"

अंग्रेजी पढे-लेखेका मानिस यो कुरा यसप्रकार
बुझ्न सक्तन्छन् । एउटा सिक्काका दुई प्रकारका
मूल्य हुन्छन्-एक स्वरुपगत मूल्य (Intrinsic Value)
र अर्को हो-व्यवहारिक मूल्य (Face value)।
यी दुवै मूल्यका बीचमा जति धेरै अन्तर हुन्छ
त्यति नै धेरै त्यो सिक्का निम्न कोटिको मानिन्छ।
आदर्श सिक्कामा मूल्य समान हुन्छ।



खप्तड स्वामीज्यूका "अमृत वचन"

ती परमात्मा कस्ता छन्? श्रीमद्भागवतमा लेखिएको छ-
ब्रह्म सत्यो हो, सधैं रहन्छ, छ पनि, सधैं रहनेछ पनि।
त्यो ज्ञानमय, चैतन्य र आनन्द-स्वरुप हो। उसको
आफ्नो शरीर छैन, किन्तु विनाशवान शरीरमा
प्रवेश गरेर संसराको लीला गर्छ। त्यो खालि निर्मल
ज्ञानस्वरुप हो, पूर्ण हो, उसको आदि छैन, अन्त छैन। ऊ
नित्य र अद्धितीय छ एक भएर पनि अनेक रुपमा देखिन्छ।






खप्तड स्वामीज्यूका "अमृत वचन"

धर्ममा दुई कुरा मुख्य छन्-एक आफ्नो आचरणलाई शुध्द राख,अर्थात् दुर्गुणहरुलाई छाडेर सद्गुणहरुलाई धारण गर;दोस्रो आफ्नो वंश-परम्परागत शुध्द आजीविकाद्धारा निर्वाह गर। जो यो गर्दछ त्यो नै धार्मिक हो।

वेद हामो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

डराऊ-पापसँग,अभिमानसँग, ममतासँग, कामनासँग,
शोकसँग, क्रोधसँग, सम्मानसँग, लोभसँग, प्रशंसासँग,
ख्यातिसँग, पूजासँग, नेतृत्वसँग, बुजुर्ग्याइँसँग, मनपर्दी
आचरणहरुसँग, इन्द्रिहरुको गुलामीसँग, विषयासक्तिसँग,
मोज-शोखसँग, विलासितासँग, वाद-विवादसँग,
परचर्चासँग,परनिन्दासँग, पराई धनसँग तथा परस्त्रीसँग,
र यिनीहरुबाट यथासम्भव बचेर बस ।

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

## खप्तड स्वामीज्यूका "अमृत वचन"

सबैको सम्मान गर, सबैको हितको इच्छा गर तथा सबैसँग प्रेम गर। तर यसको यो अर्थ होइन कि व्यवहारको आवश्यक भेदलाई पनि मेटाइदेऊ। मूर्खलाई विद्वान् सम्भेर उसको कुरा खायौ भने तल खसौला र
विद्वान्‌लाई मूर्ख ठानी उसको कुरा मानेनौ भने ज्ञानबाट बञ्चित रहौला। पापलाई घृणा गर, असंयमलाई द्वेष गर, दुष्ट आचरणहरुसँग दुश्मनी गर, कुविचारहरुको अपमान गर र नास्तिकताको नाश गर।
जुन मानिसमा यसको उल्टो दोष हुन्छ त्यससँग टाढा बस, तर त्यससँग आत्माको दृष्टिबाट घृणा नगर।
स्वरुपमा अभेद र व्यवहारमा आवश्यक भेद राख।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## खप्तड स्वामीज्यूका "अमृत वचन"

भगवानबाट आज्ञा भयो-

'जसमाथि मेरो कृपा हुन्छ, म त्यसको धन र सम्पत्ति उडाइदिन्छु, किनकि मानिस धनको मातले मात्तिएर मेरो र अरु सबैको हेला गर्न थाल्छ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## खप्तड स्वामीज्यूका "अमृत वचन"

प्रत्येक शरीरमा मेरो प्रेमको स्रोत कुनै न कुनै रुपमा झरनाको पानी मूल फुटेर निस्के झैं निस्कन्छ। वास्तवमा प्रेम त स्वाभाविक रुपले प्रत्येक जीवको आफूभित्र नै दबेर रहेको हुन्छ,भित्र नभईकन बाहिर आउने नै कसरी? किन्तु तिनीहरु मेरो पवित्र प्रेमको सदुपयोग गर्न जान्दैनन्। यसकारण कोही ज्ञानको लागि प्राण दिन्छन् भने कोही पुत्रको लागि; कोही स्त्रीको लागि मरिरहेछन् भने कोही मानको लागि। मेरो असदुपयोग गर्नाले नै मलाई नपाएर तिनीहरु घोर विपत्मा पर्दन्छन्।





ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

खप्तड स्वामीज्यूका "अमृत वचन"

"राम्रोसँग बुझिराख-भगवान्को अपार मायाबाट त्यही पुरुष छुटेर पार पाउँदछ, जो मायाका अधिपति भगवान्को शरणागत हुन्छ"।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

चोरी कैयौं किसिमका हुन्छन्, जस्तै आफ्नो कर्तव्यपालन नगर्नु, जिम्मेवारीको वास्ता नराखी जथाभावी आचरण गरी घमन्ड गर्नु, गरैकानूनी काम गर्नेहरुलाई सहायता पुऱ्याउनु, कीर्ते कागज बनाई जाली काम गर्नु र गराउनु, कसैलाई घूस खुवाएर अन्यायपूर्वक आर्थिक लाभ लिनु, घूस लिएर अर्काको भन्दा बढी लागतको टेण्डर पास गर्नु, र त्यसपछि मनमानि गर्नु। चोरीको नयाँ-नयाँ तरीका बताउनु र न्यायाधीशलाई घूस दिने-दिलाउने व्यवस्था गर्नु एवं रुपैयाँ-चोर सबै चोरीका अपराधी हुन्छन्। यी कुराहरु अत्यन्त अप्रिय र सुन्दा तीता छन्, तर छन् एकदम सत्य।





ॐ श्री गुरुपरमात्मने नम:

धर्मो रक्षति रक्षित:

# खप्तड स्वामीज्यूका "अमृत वचन"

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाऽप्यहम्।। श्रीमद्भगवद्गीता-९।२९

अर्थात 'म सम्पूर्ण प्राणीमा समभावले व्याप्त रहेको छु, मेरो न कोही अप्रिय छ र प्रिय, परन्तु (यस समताभावले रहीकन पनि) मलाई जो प्रेम भक्तिपूर्वक भज्दछ त्यो ममा छ र म त्यसमा छु'।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

भाषा र साहित्य-हिन्दू-संस्कृतिअनुसार सृष्टिको आदिमा ब्रह्माजीको उत्पत्ति भयो र ब्रह्माजीबाट वेदहरु प्रकट भए। वेदको भाषा संस्कृत हो। सृष्टिको आदिमा ब्रह्मादि देवताहरुबाट उत्पन्न भएको संस्कृत 'देवभाषा' भनियो र संस्कृत लिपिलाई 'देवनागरी'-को संज्ञा दिइयो।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

शिक्षा, कला, व्याकरण, निरुक्त, ज्योतिष, छन्द,
ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, र मीमांसा,
न्याय, धर्मशास्त्र, पुराण, आयुर्वेद, धनुर्वेद,
गन्धर्ववेद, र अर्थशास्त्र, यति अठार विद्या हुन।





# खप्तड स्वामीज्यूका "अमृत वचन"

सत्य बोल्नाले मानिस संसारमा निःसन्देह सब थोक प्राप्त गर्दछ। सत्यरहित कर्महरु निष्फल हुन्छन्। त्यसैले सत्यले भरिपूर्ण वन।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

झुठ्ठा मानिसहरु श्रीरामको भनाइअनुसार

दुईजिब्रे र लोकलाई दुःख दिने हुन्छन्।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





खप्तड स्वामीज्यूका "अमृत वचन"

तिम्रो नाममा वा तिम्रो अधिकारमा कर्तव्य रहनुको कुनै प्रयोजन छैन। सबै सुम्पिदेऊ उनै परमपिता परमात्मालाई। संसाररुपी डरलाग्दो चुलोमा कर्तव्यरुपी आगोले सबैलाई पोलिरहेकोछ। उक्त स्थितिमा ईश्वरार्पणभावरुपी अमृतचषकको पान गर र प्रसन्न बन।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


खप्तड स्वामीज्यूका "अमृत वचन"
मानव आध्यात्मिक प्राणी हो बुद्धिमान् पशु होइन।
वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




खप्तड स्वामीज्यूका "अमृत वचन"

संसारका जटिल समस्याहरुका निर्माता बुद्धिवादी पशु मात्र हुन्छ, अध्यात्मवादी मानव हुँदैन।

यस तथ्यलाई कहिल्यै बिर्सनु हुन्न।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

## आस्था र विश्वासको विउ सानु छदानै रोपिदिनुपर्छ ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## खप्तड स्वामीज्यूका "अमृत वचन"

मानिसलाई निश्चिन्त र निर्भय रहन नदिनु, सम्पत्तिको सबभन्दा ठूलो बैगुन हो।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका “अमृत वचन”

तिम्रो च्चरित्र कलुषित या दुषित भए तिमी
लोकसेवा गर्न सक्तैनौ ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षित:

# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "शरीर ब्रह्मको निवासस्थान हो"

यसकारण जसले शरीरलाई पापको घर बनाउँछ त्यो ठूलो अपराधी हो।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

पापीहरुलाई दिएको दानले दातालाई पनि पोल्छ।





खप्तड स्वामीज्यूका "अमृत वचन"

भर्तृहरिले भनेका छन्-विद्या कल्याणधन हो।
विद्या गुरुहरुलाई पनि ज्ञान दिने गुरु हो।
विद्या परमदेवता हो।





# खप्तड स्वामीज्यूका "अमृत वचन"

रुपैयाँको यो मोह ले मानिसलाई आज कता लगिरहेको छ!

घर-घरमा दुःख,अशान्ति,रोग र झगड छ।

यसैको छ गुनासो ।


अरे,सोझा मानिस हो !

के पापको कमाइ घरमा सुख ल्यउन समर्थ छ?

तिमीले कहिल्यै विचार गरेका छौ-पापको फल के हुन्छ? कान थापेर सुन पशुयोनि।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

जुन संस्कृतमा हामी जन्मेका छौं,त्यसका मूल सिध्दान्तहरुको सामान्य ज्ञान त हामीहरुलाई अवश्य नै हुनुपर्छ। त्यसबाट हाम्रो आधुनिकतालाई विशेष क्षति हुने सम्भावना छैन।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

आजको नवशिक्षित युवकहरु काम अथवा
शारीरिक परीश्रम गर्नु आफ्नो बेइज्जत ठान्दछन्।
शोख, विलासिता, ढाँचा-काँचा र नयाँ किसिमका
लुगाहरु आदिको चक्करमा परेर साँच्चै हामी
आफ्नो हिन्दू-संस्कृतिलाई प्रतिदिन गुमाइरहेका छौं।
यो दुर्भाग्यको कुरा हो।

भगवन् ले सबैको रक्षा गरुन् र सबैलाई सद्बुध्दि प्रदान गरुन्।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

सदा माथि उठने् कुरा गर; तल खस्ने कुरा न कहिल्यै सोच, न कहिल्यै खस। अथर्ववेद

वेद हाम्रो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

हे सत्यविक्रम! जो धर्म अविरोधी छ, कसैलाई हानि पुऱ्याउँदैन, कसैको मान्यतामा आघात गर्दैन, त्यहि धर्म हो। संसार यात्रीहरुको समूह हो। सबै यात्री हुन्। सबै कही जान लागिरहेछन्। यो लोकयात्रा जुन साधनले सारल-सुगम हुन्छ त्यहि धर्म हो।





खप्तड स्वामीज्यूका "अमृत वचन"

निर्लोभ- पापको बाबु लोभ हो। चोरी, बेईमानी, चोरबजारी, घूसखोरी, डकैती, ठगी, लूट, वस्तुहरुमा मिसावट आदि चरित्रलाई भ्रष्ट पार्ने सबै, अपराधहरुको मूल लोभ नै हो। लोभी मानिस सधै अशान्त र दुःखी बनिरहन्छ। सबैलाई दुःखी बनाउँछ। उसले संसारबाट सदगुणहरुलाई उखेल्छ।






## खप्तड स्वामीज्यूका "अमृत वचन"

काम असल तिमी गर र कीर्ति कसैलाई लिनदेऊ
खराब काम भूलेर पनि नगर, तर त्यसको आरोप
लाएर अर्को मुक्त हुन्छ भने त्यसलाई शिरोधार्य गर।
तिम्रो केही बिग्रनेछैन।





## खप्तड स्वामीज्यूका "अमृत वचन"

धर्मशासित जीवनको अर्थ हो-धर्मपुर्वक अर्थको आर्जन।
जनु अर्थ धर्मबाट प्रप्त हुँदैन, त्यो हाम्रा लागि अवश्य अवाञ्छनीय हुनुपर्छ किनकि जीवनको शुद्धिको आधार अर्थ हो। त्यो अर्थ धर्मार्जित भएन भने त त्यसबाट प्रप्त सबै उपकरण अपवित्र हुन्छन्। मनुष्य त्यही ठीक अर्थमा मनुष्य हो जसको जीवन धर्मशासित हुन्छ। जसको अर्थ पवित्र छ, त्यही पवित्र हो।

समस्त पवित्रताहरुमा धनको पवित्रता नै सर्वोपरि भनिएको छ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

## खप्तड परिचय

खप्तड नाम किन ? प्राचीन कालदेखि नै खप्तडको नाम स्कन्द पुराणअन्तर्गत मानस खण्डमा वर्णन पाइन्छ । तर त्यहाँ खप्तड नामको स्थानमा 'श्री खेचराद्रि' शब्दको प्रयोग भएको छ । खेचराद्रि शब्दको सरल नाम खेच पर्वत (खेचर+अद्रि) हो यसै खेचर पर्वतको अपभ्रंश खप्तड हुन गएको हो । खेचराद्रि शब्दको विश्लेषण गर्ने हो भने खे+चरति खेचर, आकाशमा विचरण गर्नेहरूलाई भनिन्छ । पंक्षी एवं गगनचरी सिद्धहरूलाई पनि ठाउँ-ठाउँमा खेचर शब्द प्रयोग गरेको पाइन्छ । मेरो विचारमा खेचर शब्द एक गगनचुम्बी शब्द जस्तै एक आलङ्कारिक शब्द हो । यो खप्तड भूमि पनि चारैतर्फ पाँच, छ हजार फिट अग्ला पर्वतहरूले घेरिएको तथा मध्यभागमा बाह्र हजार फिट अग्लो उन्नत पर्वत शिवलिङ्ग जस्तो हुनाले यसलाई गगनचुम्बीको सट्टामा खेचराद्रि (आकाशमा पुगेको) भनेको हो कि ?

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

## खप्तडको भौगोलिक स्थिति:

सम्पूर्ण खप्तड क्षेत्रको क्षेत्रफल १०२४ वर्ग कि.मि. मध्ये हाल श्री ५ को सरकारले २२५ वर्ग कि.मि. मात्र राष्ट्रिय निकुञ्ज घोषित गरेको छ । खप्तडको पूर्वपट्टि बाजुराले छोएको छ । सो जिल्लातर्फ पर्ने भाग बाजुरा निवासीहरू हाम्रो हो भन्छन् । फलस्वरूप खप्तडको पूर्वी भागमा पाइने निगालो, काठ, घाँसपातको भोग चलन परम्परागत नै उनीहरू गर्दै आएका छन् । पश्चिमतर्फबाट खप्तडलाई डोटीले छोएको छ र खप्तड हाम्रो हो भन्दै पश्चिमी भागमा पाइने निगालो, काठ, घाँसपात आदिको उपभोग परम्परागत रूपमा नै उनीहरूले गर्दै आएका छन् । उत्तरतर्फको भाग बझाङ जिल्लाले छोएको छ र 'खप्तड हाम्रो हो' भन्दै त्यसतर्फ पाइने निगालो, काठ, घाँसपात, गौचरन आदिको उपभोग परम्परागत रूपमा नै बझाङ निवासीहरूबाट हुँदै आएको छ । एवं रीतले दक्षिणतर्फको भाग अछाम जिल्लामा पर्दछ । अछामवासीहरू खप्तडलाई आफ्नो भन्दै सो दिशातर्फ पाइने निगालो, काठ तथा घाँसपातको उपभोग परम्परागत रूपमा नै उनीहरूले गर्दै आएका छन् । यस प्रकार वास्तवमा खप्तड कुन जिल्लाको हो, विवादास्पद प्रश्न छ ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

स्वधर्म हामीलाई यति सजिलोसँग मिलेको छ कि हामीबाट आफ-से आफ त्यसको अवश्य पलना हुनुपर्ने हो। पशु-पंक्षीहरूमा यस्तो भइरहेको पानि छ, तर बुद्धिमानीको ढोंग हाँक्ने मानव !! तिमीबाट हुन सकेन ! अनेकौं प्रकारका बौद्धिक अपराधहरूले गर्दा स्वधर्मको पालन गर्नमा मानिस आफूलाई असमर्थ मान्न लाग्यो। कहिले जमानालाई दोष दिन्छ भने कहिले कलियुगलाई गाली।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




खप्तड स्वामीज्यूका "अमृत वचन"

विशुध्द सच्चरित्र तथा ज्ञानवान् माहापुरुषहरु, ऋषि-मुनिहरु आदिलाई जङ्गम तीर्थ नाम दिइएको छ।

किन भने जङ्गम तीर्थको शुध्द व्यवहार तथा दिव्य उपदेशले मानव पापबाट रक्षा हुने हुनाले यिनलाई तीर्थ मानिएको हो।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



सफलताको मापदण्ड के हो हजुर ?

स्वामीज्यू मर्जिहुन्छ :-सफलताको मापदण्ड हो


सत्कर्म द्वारा आर्जित धनसम्पत्ति र

जसको आधारसिला हो “धर्म”।अत सत्कर्मि बन।

सत्कर्मः-"परिश्रम र ईमानदारी"को धनले जीवन बिताउ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

ए,दुनियाँको सुधार र उद्धार गर्ने भाइ! यदि तिमी नराम्रो नमान्ने भए,केही भनु? संसार सुधार र उद्धारको चिन्ता छाडि पहिले आफ्नो सुधार र उद्धार गर। तिम्रो सुधार भए सम्झ-दुनियाँको एउटा आवश्यक अङ्गको सुधार भाइसक्यो।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

मेरा यो, विश्वस छ-जसरी भगवान् बुद्धि एवं वाणीभन्दा पर रहेर पनि विशुद्धि बुद्धि एवं वाणीमाआउन सक्तछन्। त्यसै गरी उनी चक्षु, श्रवण ताथा स्पर्षको क्षेत्रमा पनि आउन सक्तछन्। उनी सबैमा सबै थोक हुन्, त्यसैले हामी न केवाल उनको चिन्तन र कथन मात्र गर्न सक्तछौं,अपितु उनलाई देख्न पनि सक्तछौं। उनको रूप अनेक र स्वर अनन्त छ। उनको कुनै एक रूप वा वाणीलाई सर्वोतम मान्नु मानुष्यको मिथ्याभिमान हो ।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




**ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पूरुषका करकमल बाट पोखिएको "अमृत"**

**अर्थात "मानिसहरु(प्रजा तथा सन्तानहरु) को जन्म, कर्म जसरी आदिमकाल (परापुर्वकाल) देखि भइरहेछ तसरी नै ध्यान मन्त्र र संस्कार व्दारा सन्तान (प्रजा) असल बन्दछन्"**

**"Hold fast in silence all that is yours own, lest icy fingers be laid upon your lips to seal them for ever".**

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

## धर्म र ईश्वरमा सदा आस्था राख, ईश्वर अदृश्य रुपमा सदा तिम्रो साथ छन् ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "मस्तिष्कमा समझदारी
## हृदयमा ईमानदारी, काँधमा जिम्मेदारी"

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## खप्तड स्वामीज्यूका "अमृत वचन"

कपटी मानिस जति अरु लाई हानि पुऱ्याउँछ
त्यसभन्दा बढि त्यो आफ्नो हानि गर्दछ ।


वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

महात्माजीले केही गंभीर भई फेरि भने-सुन्यौ? राम्रोसँग सुन्यौ?
धीर पुरूषहरू जे सुन्दछन् याद राख्दछन्, भुल्दैनन्। फेरि सुनेका
कुराको अनुकरण गर्दछन्, यस्तो गर्दैनन् कि एक कानले सुन्ये
अर्को कानले उडायो। उपदेशक धेरैछन्, उपदेश लिने पुरूष
कही कतै मात्र हुन्छ। अर्कालाई उपदेश नदेऊ!
परोपदेशमा पाण्डित्य नदेखाऊ! उपदेश लिन सिक!
उपदेश लिनु सुन्दर मार्ग हो, उपदेश लिने गर,
उपदेशको अनुकरण गर्ने गर।

**वेद हाम्रो धर्म शास्त्र हो**
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

के तिमीले सुनेका छैनौ, पूर्वकालीन शुद्धबुद्धि भएका चतुर पुरूष मूर्खहरूबाट पनि उपदेश लिएर पार भए ? के तिमीले सुनेका छैनौ, एक अवधूत परेवा, वेश्या, क्रौंच पक्षी आदिबाट उपदेश लिएर परम सिद्धिमा प्राप्त भए ? तिमी पनि उनको अनुकरण गर, शरीरको ममता र अहंता छोडिदेऊ केवल यसलाई चारा-पानी दिने गर र यसबाट आफ्नो काम लिएर सुखी होऊ, यदि तिमी के काम लिऊँ भन्छौ भने आत्मानुसन्धान नै काम हो आत्मानुसन्धान गर्दै सुखी होऊ । शान्त होऊ ।

सर्वात्मदेव तिम्रो कल्याण गर्नेछन् ।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

तिमी मालिक हौ भने नोकरहरूलाई दुःख नदेऊ र अभिमानवश आफूलाई धेरै ठूलो नठान ।आफ्नो अभिनयअनूसार उनीहरूबाट काम चलाऊ, तर मनमनै उनीहरूलाई भगवान्को स्वरूप सम्झी उनीहरूको हितरूपी सेवा गर्ने प्रयास गर र गर्दै रहू ।मनले कसैको तिरस्कार नगर।लोभले कसैको न्यायपूर्ण आजीविकाको हरण नगर। उनीहरूको भलाईमा लागिरहू। यसैबाट तिमीमाथि भगवान् कृपा गर्नुहोला र तिमीलाई आफ्नो परमपद दिनुहोला, जसले तिमी मालिकहरूको मालिक बन्ने होलाऊ।

**वेद हाम्रो धर्म शास्त्र हो**


विश्वको एकमात्र स्वतन्त्र हिन्दु राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

यदि तिमी नेता हौ या उपदेशक हौ भने आफ्नो पूजा-प्रतिष्ठाको चाहना नराख, साँचो र अनूभवसिध्द बाटोमा मानिसहरूलाई लगाऊ, दलबन्दी नगर तथा सम्प्रदाय नबनाऊ। त्यही काम गर, त्यसलाई पनि अभिमान, लोभ र मान-सम्मान छाडेर गर, जसले सबैको हित होस्। तिम्रो यसै सेवाबाट भगवान् खुशी भएर तिमीलाई आफ्नो पद अवश्य दिनुहोला, नेताहरूको पनि महान् नेता होलाऊ।





## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यदि तिमी वकील हौ भने पैसाको लोभले अन्यायको पैसा नलेऊ
झूठो गवाहीहरू नबनाऊ र कसैलाई झन्झट दिने नीयत नराख
प्रत्यके झगडियालाई भगवान्को स्वरूप सम्झेर न्यायपक्ष ग्रहण गर ।
झूठो मुद्दा गर्न नसिकाऊ । तिमीले चाहेको खण्डमा भगवान्को ठूलो
सेवा गर्न सक्तछौ र त्यसै सेवाद्धारा तिमीलाई भगवत्प्राप्ति हुन सक्तछ ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन


यदि तिमी डाक्टर या वैंद्य हौ भने बिरामीलाई भगवान्‌को स्वरूप सम्झी उसको लागि सेवाभवले नै उचित पारिश्रमिक लिएर औषधिको व्यवस्था गर। लोभवश रोगीलाई नसताऊ। गरीबहरूको सधैं विचार राख। तिमी आफ्नो निःस्वार्थ सेवाद्धारा भगवान्‌को धेरै प्यारो बन्न सक्तछौ र भगवान्‌को प्राप्ति साह्रै सरलतासँग गर्न सक्छौ। तिमी भगवान्‌को अति नजीक हुन्छौ।



**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल






ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

तिमी प्रहरी अधिकृत हौ भने आफूलाई जनतारूप भगवान्‌को सेवक ठान, कसैलाई गाली नगर न त कसैलाई सताऊ। लोभ, घमन्ड, अभिमान या द्वेषवश कसैलाई कुनै वेला भुलेर पनि बेकारमा दुःख नपुऱ्याऊ। सेवाको भावले नै सारा कामहरू गर। तिम्रो काम अत्यन्त सावधानी साथ गरिने खालको हो। यदि तिमी आफ्नो सुधार गरी यस-प्रकार भगवत्सेवामा लाग्यौ भने आफ्नो यसै प्रहरीको कामबाट तिमीलाई भगवत्प्राप्ति हुन सक्तछ।






ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यदि तिमी हाकिम रहेछौ भने आफ्नो अभिनयअनूसार दयापूर्ण न्याय गर
तिम्रो इजलासमा कुनै पनि मुद्दा पर्‍यो भने त्यसलाई ध्यानपूर्वक सुन।
घूस खाएर वा अरू कुनै पनि कारणले पक्षपात र अन्याय नगर ।
प्रत्येक न्याय माग्न आउनेलाई भगवान्‌को स्वरूप सम्झेर न्यायरूप
सामाग्रीद्वारा उसको पूजा गर। उसलाई न्याय पाउने काममा सक्दो
सहुलियत देऊ र सेवाको भावले नै आफूलाई प्रशासक या न्यायाधीश
ठान, शान देखाउने अधिकृत होइन। तिम्रो यसै निष्काम सेवाबाट
तिमीलाई भगवान्‌को कृपा प्राप्त होला र तिमी भगवत्प्राप्ति गर्न सकौला।

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल






ॐ श्री गुरुपरमात्मने नमः



ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरूषका
करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"


## धर्मो रक्षति रक्षितः

यदि तिमी व्यापारी छौ या पसले छौ भने यो विचार गर -तिम्रो त्यो व्यापार धन कमाउनको लागि होइन अपितु श्रीभगवान्को पूजा गर्नको लागि हो। जुन-जुनसँग तिम्रो व्यवहार हुन्छ तिनीहरूलाई लाभ पुऱ्याउँदै आफ्नो आजीविका चलाउन मात्र व्यापार गर, लोभवृत्तिले होइन। व्यापारमा पाप लोभले गर्दा हुन्छ। लोभ छाड्यौ भने कुनै प्रकार पनि अर्काको हक हनन गर्ने चेष्टा हुन सक्तैन। वस्तुहरूको नाप-तौल या गन्तीमा बढी रकम लिने-दिने, बढियाको बदला घटिया दिने, कमसलको सट्टा असल लिने र आढत-दलाली इत्यादिमा शर्तभन्दा घटी-बढी पार्ने इत्यादि व्यापारिक चोरीहरू लोभबाट हुन्छन्,

तर केवल लोभ मात्र छाडेर पुग्दैन, अर्काको हितको पनि चेष्टा गर्नुपर्छ।

जसरी लोभी मानिस आफ्नो पसलमा कुनै ग्राहक आउँदा उसको बनावटी आदर-सत्कार गरी उसलाई ठग्ने चेष्टा गर्दछ, ठीक त्यसरी नै तिमीले कपट त्यागी ग्राहकलाई प्रेमपूर्वक सरल भाषामा साँचो कुरा सम्झाएर उसको हितको वास्ता राख्नुपर्दछ। यो सम्झनुपर्दछ कि त्यसै ग्राहकको रूपमा परमात्मा नै पाल्नुभएको हो र उहाँको जे-जति सेवा तिमीबाट सम्भव छ त्यो कसै हुनेछ। यो सम्झेर व्यापार गऱ्यौ भने तिमी श्रीभगवान्को कृपापात्र बन्नेछौ र त्यो व्यापार नै तिम्रो लागि भगवत्प्राप्तिको साधन बन्नेछ।

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पुरुषका करकमलबाट पोखिएका ग्रन्थहरूका "अमृत"

## धर्मो रक्षति रक्षितः

यदि तिमी जमीनदार रहेछौ भने जुनसुकै तरीकाले रैतीहरूसँग तिरो आदि असूल गरी त्यसलाई मोज र शोखमा या आफूभन्दा ठूलाबडाहरूलाई खुशी पार्नमा खर्च गर्न छाड। आफ्ना किसानहरूलाई आफ्नै परिवारका मानिसहरू सम्झी उनीहरूका सुख-दुःखको विचार गर। दुःख पर्दा उनीहरूलाई नसताऊ र आफ्नो खर्चमा कटौती गरेर पनि अनुचित कर माफ गरिदेऊ। याद राख-तिमी वा तिम्रो कुनै कारिन्दाबाट गरीब प्रजाको कुनै व्यक्तिमाथि अन्याय हुन नपाओस्। गरीबहरूको र आइमाईहरूको आदर र सम्मान गर तथा उनीहरूका केटाकेटीहरूलाई आफ्नै बाल-बच्चासरह प्यार गर, उनीहरूको आशीर्वादले तिमी फुल्ने-फल्नेछौ। तिमीलाई भगवत्प्राप्ति गर्नु छ भने जमीनदारी-द्वारा नै त्यसलाई पनि प्राप्त गर्न सक्तछौ। त्यसको तरीका यो हो-रैती स्त्री र पुरुषहरूलाई आफ्ना अन्नदाता श्रीभग-वान्‌को स्वरूप सम्झ र आफ्नो जमीनदारीको नाटकअनुसार, जो भगवान्‌ले नै दिएको हो, उनीहरूलाई सुख दिने नीयतले तथा उनीहरूकै पूजार्थ न्यायसाथ र सजिलोसँग उठाउन योग्य कर मात्र असूल गर। त्यसपछि पारिश्रमिकको रूपमा त्यसबाट केही अंश आफ्नो खर्चको लागि राखेर बाँकी सब सुन्दर किसिमले उनीहरूकै सेवामा लगाईदेऊ

तिमीलाई जमीदारीको अभिनय यसकारण दिइएको हो कि रैतीहरूको धन उनीहरूबाट उठाएर व्यवस्थापूर्वक उनीहरूकै हितको लागि तिमी गर खर्च। उनीहरूको रेखदेख, रक्षा र सेवाको काम तिम्रो जिम्मामा छ। उनीहरूलाई सताएर मोज उडाउने तिमीलाई कुनै अधिकार छैन। यसबाट त उनीहरूको साथसाथै तिम्रो पनि दुःख अवश्य बढ्ला। यदि उनीहरूलाई भगवान्‌को स्वरूप सम्झी आफ्नो योग्यतानुसार भगवान्‌को प्राप्तिको लागि नै भगवान्‌को आज्ञाअनुसार उनीहरूमाथि शासन गर्‍यौ भने त्यसैद्वारा तिमीलाई भगवत्प्राप्ति भइजाला।

## वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका"अमृत"वचन

जिज्ञासुः- महाराज ! मैले यतिसम्म बुझेको छु कि शरीर आदि "म"शब्दको अर्थ होइन, किनभने मेरो शरीरले जन्मदेखि लिएर आजसम्म छेपारोले रङ्ग बदलेझैं कैयौं रङ्ग बदलिसक्यो, तर "म"जस्ताको तस्तै छु, त्यसैले मान्दछु कि "म"शरीर होइन, शरीरभन्दा भिन्न कुनै वस्तु हुँ, जुन कहिल्यै बदलिँदैन, सधैं एकनास रहन्छ, त्यो वस्तु कुन हो, यो मैले बुझ्न सकिनँ।


**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका"अमृत"वचन


मनुष्यले जति भूल गरे पनि परमकृपालु दयानन्द परमेश्वरले
मनुष्यमाथि कम कृपा गर्नुभएको छैन।दूषित वायुबाट बच्न
मनुष्यलाई बुद्धि दिए जस्तै वायुलाई निर्मल बनाउने
साधन पनि बनाइदिएको छ।यदि मनुष्यहरू यसो गर्दैनन्
भने सारा पृथ्वी एक दिनमा स्मशानभूमि बन्द छ।



**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल






## ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

पानीद्धारा जसरी शरीर शुद्ध गर्छौं त्यसरी नै मनलाई पनि शुद्ध गरौं। सत्य बोल्ने, सत्य विचार गर्ने, सत्य काम गर्ने अभ्यास मन शुद्धि गर्नमा सहायक हुन्छ। जलले शरीर शुद्ध हुन्छ, सत्यले मन शुद्ध हुन्छ भनी शास्त्रमा बताइएको छ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

आफ्नो तुलना अर्को व्यक्तिसँग गर्नुको सट्टा आफ्नै विगत र वर्तमानलाई तुलना गरौं र विगतभन्दा असल हुन नित्य प्रयत्न गरौं।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल







श्री गुरूपरमात्मने नमः

ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

कुनै अवास्थामा पनि धर्मको त्याग गर्नु उचित छैन।
गीतामा भगवान्‌ले भन्नुभएको छ-

श्रेयान् स्वधर्मोविगुण: परधर्मात् स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेय: परधर्मो भयावह:।।


अर्थात- राम्रोसँग आचाणर गरिएको दोस्राको धर्मभन्दा गुणरहित भए पनि आफ्नो धर्म उत्तम छ। आफ्नो धर्ममा मरण पनि कल्याणकारक हुन्छ, दोस्राको धर्म भयदायक हुन्छ



**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल






खप्तड स्वामीज्यूका "अमृत वचन"

"सपना" के हो हजुर ?(एक जिज्ञासु नारी)

स्वामीज्यू आज्ञाहुन्छः- एक जीव को "सपना"।

एक परमात्मा को "सपना"।


निन्द्राबाट व्यूँझेको अवस्था लाई जीव (प्राणी) को "सपना" भनिन्छ ।

सदा लाई सुतेको अवस्था "मृत्यु" लाई परमात्मा को "सपना" भनिन्छ ।

तर जीव (प्राणी) को यो "सपना" तेतिखेर टुटछ जब परमात्मा चाहनु हुन्छ।

तर हुन दुबै "सपना"।





ॐ

ॐ श्री गुरुपरमात्मने नमः



# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

## ॐ म र मेरो कर्त्तव्य ॐ

वास्तवमा म को हुँ ? मेरो कर्त्तव्य के हो ?

ईश्वर, आमाबाबु, गुरु, गाई, र शास्त्र यी पाचँ मानव मात्रको निरन्तर उपकार गर्दछन्, विचार गर, यिनीहरूप्रति हाम्रा के कर्त्तव्य छ ?

जन्मदेखि नै आमाबाबुले आफ्ना सन्तानलाई प्राणभन्दा प्यारो गरेर पालन-पोषण गर्दछन्, उसलाई सबै कुराबाट सुयोग्य बनाएर अन्तमा सर्वस्व समर्पण गरेर आफ्नो कर्त्तव्य पूरा गर्दछन्। तिमि आफै पनि कसैका आमाबाबु छौ, तिमि आफ्ना सन्तानसँग के आशा राखदछौ ? विचार गर, हाम्रा तिनका प्रति के कर्त्तव्य छ ? यी पाचँकै सेवाको दृढ निश्चय गर। यही मनुष्यका निमित्त परम धर्म हो।



ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

आफ्ना पापहरूलाई नलुकाऊ र पुण्यहरूलाई प्रकट नगर। लुकाऊनाले पाप बढ्ने छन् र प्रकट गर्नाले पाप घट्ने छन्, उस्तै नै पुण्य प्रकट गर्नाले घट्ने छन् र लुकाऊनाले पुण्य बढ्ने छन्। पुण्यलाई कपुरको भांति जान। यदि बोतलको मुख खोलेर राख्यो भने त्यो (कपुर) उडेर जान्छ। पाप नराम्रो वस्तु हो, यसैले पापलाई लुकाएर राख्यो भने भित्रै भित्र विष उत्पन्न गरेर हृदयका सब शुध्द भावहरूलाई नष्ट गरिदिनेछ। जीवनको एक क्षणलाई पनि मूल्यवान् जानेर बडो सावधानीले प्रत्येक क्षणलाई भगवत् चिन्तन गर्दै लोकहितको कार्यमा बिताऊ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

चारै वर्ण एउटै समाजका चार अनिवार्य अङ्ग हुन । एक-अर्काको
सस्नेह र सजग सहयोगको आडमा सुरक्षित र जीवित छन्।
यहाँ घृणा र अपमानको कुरा नै छैन । यीमध्ये कसैको पनि रत्तिभर
अवहेलना गर्न सकीदैन। यिनिहरूमा कुनै नीच र उच्च्व भन्ने।
परिकल्पना पनि छैन। आ-आफ्ना स्थान र कार्यअनुसार
सबै ठूला छन्। चारै थरीको महत्त्वपूर्ण र गैारवपूर्ण स्थान छ।
एउटाको अभावमा अर्को अपाङ्ग बन्दछ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

यो सही हो? असत्यको लागि सत्यलाई तिलाञ्जलि दिनु के ठीक हो? हाम्रा जीवन गलत बाटो-बाट गइरहेको छ भने के त्यसै प्रवाहमा उसलाई बग्न दिन चाहनु हुन्छ र? लोभ र लालच,सत्ता र मदको चाक-चाक्यमा आफूलाई हराउन दिनु हुन्छ? हुँदैन, कदापि हुँदैन। हामीले सत्य व्रतधारी आदर्श महापुरूषको जीवनलाई आफ्नो पथ-प्रदर्शक बनाउनुपर्छ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



**धर्मो रक्षति रक्षितः**

# खप्तड स्वामीज्यूका "अमृत वचन"

सिङ्गो परीवार, समाज अनि राष्ट्रमा दुराचार वा दुराचारीहरुको संख्या ९९ % छ भने पनि तपाईं १ थपिएर १०० % नपुगोस बरु तपाईं १ को अल्पमत लिएर बस्नुहोस, कल्याण अवश्य हुन्छ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

"ईमानदारलाई विद्वान बनाउन सकिन्छ्
तर विद्वानलाई ईमानदार कसरी बनाउने"?

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन
सबै प्रकारको अहंता पग्लेर जाँदा नै यो
चिन्मय अमर पदको अनुभूति हुन्छ
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूको "अमृत" वचन

यस सत्यको संकेत पाउनको लागि तँलाई काहीँ अन्यत्र जानुपर्दैन। प्रभु तेरो भित्र स्वयं अन्तर्यामी या विवेकरूपले अवतीर्ण भएकर विराजमान हुनुहुन्छ। उहाँ नै तेरो सच्चा गुरूदेव औ पथ-प्रर्शदक हो। तँलाई यो शरीर पुर्णपदमा प्रतिष्टित हुनको लागि मिलेको हो र त्यो पद सर्वथा अप्राकृत एवं अलौकिक छ। कुनै पनि लौकिक साधन तँलाई त्यहाँ लिएर जान सक्तैन। अतः करूणामय प्रभु! तँलाई आफ्नो त्यो परम धाममा लानको लागि स्वय नै विवेकरूपले तेरो हृयदमा आविर्भुत हुनुहुन्छ। अविवेकवश आफ्नो स्वार्थी दूषित प्रवृत्तिको कारणले कति नै पतित किन नहोस् तथापि यी विवेक भगवान् कहिले पनि दूषित हुनुहुन्न किनकि उहाँ सर्वथा अलौकिक, अप्राकृत एवं एकरस हुनुहुन्छ। अतः उहाँबाट तँलाई कहिल्यै यस्तो केही संकेत मिल्न सक्तैन, जुन तँलाई असत्प्रवृत्तिमा प्रेरित गरोस्। यदि तँ उहाँको संकेतको अनुसरण गर्दछस् भने निश्चय नै एकदिन आफ्नो चरम लक्ष्य र वास्तविक अधिकारलाई प्राप्त गर्दछस्।



ॐ

श्री गुरुपरमात्मने नम



## वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

### ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन


धर्म हामीलाई शुध्द एवम पवीत्र जीवन बिताउने मार्ग बताउँछ। धार्मिक भावनले हामीलाई सुख-शान्ति तथा आनन्दमय एवम शान्त जीवन प्राप्त गराउँछ। धर्मको आधार हो ईश्वरमा विश्वास सबैमा ईश्वर छ, अतः सबैले सधैँ सबैसँग प्रेम गर्नुपर्छ।



वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





खप्तड स्वामीज्यूका "अमृत वचन"

"मुठ्ठी बाँधेर आएथ्यौ, हात फैलाएर जाने हौ
सबै जगत्रुप धर्मशालामा परदेशी समान
चार दिनका पाहुना हुन"।

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नम:

धर्मो रक्षति रक्षित:

# खप्तड स्वामीज्यूका "अमृत वचन"

"बिचारको" आहार के हो हजुर ?


स्वामीज्यू मर्जिहुन्छ :-

बिचारको आहार हो "सुबिचार"

(स्वामीज्यू का "पाउमा" एक साधु बाबाको निबेदन)

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत" वचन

आजको संसारमा मस्तिष्कको विकास हुँदा-हुँदा हिमालय जति ठूलो भैसकेको छ। त्यसको विपरीत आजका संसारको हृदय संकुचित हुँदा-हुँदा झिगाको टाउको समान सानै भैसकेको छ। अब हृदयलाई मस्तिष्कको अनुपातमा वढाउने हो अथवा मस्तिष्कलाई नै हृदयको अनुपातमा घटाउने हो, जो एक मात्र अनिवार्य आणविक युद्धद्धारा नै सम्भव छ र हृदयलाई मस्तिष्कको अनुपातमा ल्याउन नैतिकता, अनुशासन र आध्यात्मिक शिक्षाद्धारा नै सम्भव छ। यो कुरा तपाईहरूको इच्छामा नै निर्भर छ। जुनसुकै अवस्थामा पनि सन्तुलन अवश्यम्भावी छ। प्रकृतिका नियमहरू अकाट्य छन्। उनलाई हामी आफ्नो बुध्दिको शक्तिले छल्न सक्तैनौं। म र मेरो कर्त्तव्य प्रकासन:२०४४, पेज ७०

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन


जुन व्यक्तिलाई ईश्वरको सत्ताप्रति विश्वास छैन, त्यही नै संसारको सबैभन्दा ठूलो अभागी हो; किनभने जीवनको जुन बास्तविक प्रयोजन र महत्त्व छ उसले त्यसलाई नै गुमाएको छ। पशुहरूमा बुद्धि तथा सहजज्ञान-स्फूर्ति हुँदैन, त्यसैले ऊ ईश्वरलाई चिन्न सक्तैन, तर बुद्धि तथा सहजज्ञान-स्फूर्ति हुँदा-हुँदै पनि जो मनुष्य ईश्वरीय विश्वासदेखि पर रहन्छ, बास्तवमा आफ्नो ठूलो हानि गर्दछ।

श्रुतिमा भनिएको छ-

इह चेदवेदीदथ सत्यमस्ति न चेदिहावेदिन्महती विनष्टिः।
भूतेषु भूतेषु विचित्य धीराःप्रेत्यास्माल्लोकादमृता भवन्ति ॥

अर्थात्-यसै जन्ममा ब्रह्मलाई चिन्न सकिए त ठीक छ,
तर उसलाई चिन्न सकिएन भने त ठूलो हानि छ।
बुद्धिमान् मानिसहरू यसलाई समस्त प्राणिमात्रमा उपलब्ध गरी
यस लोक बाट गएर अमर हुन्छन्।





ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पूरूष


दुःखको कारण के हो हजुर ?

स्वामीज्यू मर्जिहुन्छः- दुःखको कारण हो तपाई भित्र रहेका "अज्ञान" (सोचाईको साघुरो घेरा) जसको कारणले गर्दा तपाई र तपाईका परिवार भित्र घटेका प्रिय वा अप्रिय घटनाहरूले तपाई हर्षित वा चिन्तित हुन पुग्नुहुन्छ जबकि तेस्ता प्रिय वा अप्रिय घटनाहरू हर क्षण हर परिवारमा घटिरहेका छन्।तर ति अन्य परिवारमा घटेका प्रिय वा अप्रिय घटनाहरूले तपाईलाई हल्लाउनत परै जावस छुनसम्म पनि सक्दैन।अतः यो "सोचाईको साघुरो घेरालाई" ठूलो र फराकिलो बनाउदै लैजनुहोस कल्याण अवष्य हुन्छ।

(हर क्षण हर परिवारमा घटिरहेका "प्रिय वा अप्रिय घटनाहरू" सबै मेरा हुन एस्तो सोचाई राख्नुहोस)

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन


जीवनको प्रत्येक क्षेत्रमा संयमशीलता, नियमबद्धता, सरलता, पवित्रता, कर्मशीलता र चेतनालाई यथायोग्य महत्त्व दिनाले नै कुनै पनि राष्ट्रका सन्तानले आरोग्य र उन्नति प्राप्त गर्दछन् तब मातृत्व र पितृत्वको पूर्ण विकास देख्न पाइन्छ।



वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "सधै स्मरण राख"

धीरता, सहिष्णुता, जितेन्द्रियता, पवित्रता
र सच्चरीत्रता धर्म हुन।
यदि आफूलाई मानव मान्दछौ भने,
यी धर्मको अवश्य पालन गर।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षित:

# ॐ श्री गुरुपरमात्मने नमः


## खप्तड स्वामीज्यूका "अमृत वचन"

केवल मन्त्रजप अथवा मन्त्रपाठबाट
कोही ऋषि बन्न सक्तैन।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन
दोष दृष्टि तथा अहंकाराको त्याग गर। गुणदर्शी
बन र प्रत्येक शुभ वस्तुमा शुभ हेर्न सीक।
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

जब तिमीले आफ्नो उद्धार गरेको छैनौ, तब तिमी
अरु कसैको उद्धार कसरी गर्न सक्दछौ ? कहिल्यै
पनि गर्न सक्दैनौ। पहिले आफ्नो उद्धार गर,
अनि पछि अरुको उद्धार गर्ने संकल्प गर,
अन्यथा आफू त डुब्ने नै छौ,
अरुलाई पनि लिएर डुब्नेछौ !

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन
मौन धारण गर। व्यर्थ बक्वाद् नगर।
आत्म प्रशंसाको त्याग गर।
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

जो सांसारिक सुखलाई त्यागेर आफ्ना अन्तःकरणका शुद्धिको लागि ईश्वरलाई भज्दछन्, ती शुद्ध अन्तःकरण भएर ज्ञान प्राप्त गर्दछन्। ज्ञान प्राप्त भएपछि शरीको छायाँ रूपले व्यवहार रहन जान्छ र लक्ष्य स्वरूपमा रहन्छ, यो सबैभन्दा उच्चप्रकारको भजन हो।






# खप्तड स्वामीज्यूका "अमृत वचन"

कुनै सदाचारी नारी वा पुरूषको संगत गर।
यदि भाग्यवश यस्तो सत्संग प्राप्त हुँदैन भने
उत्तम पुस्तकहरुको अध्ययन गर्ने गर।

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

नसोधी नबुझी मुखबाट कुनै कुरा ननिकाल।
राम्रोसंग बुझेर बोल्ने प्रयत्न गर।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



खप्तड स्वामीज्यूका "अमृत वचन"

प्रभु सङ्ग डटेर प्रेम गर चिन्ता स्वत नष्ट हुन्छ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ



श्री गुरुपरमात्मने नम

## ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

जुन मानिसमा मानवदेह-धारण गरेर पनि तत्त्वज्ञान प्राप्त गर्ने व्याकुलता छैन, ऊ नरदेहधारी पशुसिवाय केही होइन।
शास्त्रमा पनि भनिएको छ-

आहारनिद्राभयमैथुनञ्च सामान्यमेतत् पशुभिर्नराणाम्।
धर्मो हि तेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समाना।

-महाभारत



**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यसैले ईश्वरमा विश्वास नराख्ने नास्तिक साथी ! पाश्चात भौतिक-विद्याका ग्रन्थहरूलाई देखेर जसरी तिमीहरूको पहिलेको विचारमा ज्यादा परिवर्तन भयो, उसरी नै फेरि जब सत्य तत्त्वको साक्षात्कार हुन्छ, अनि तिम्रो यो विचार पनि आफै नै बदलिनेछ। जबसम्म सत्यको ग्रहण हुँदैन र विपरीत भावना रहिरहन्छ, तबसम्म तिमी नै आफूलाई हानि पुऱ्याईरहन्छौ, जसरी सूर्यमा धूलो फ्याँक्नेहरूका आँखालाई आफैले फ्याँकेको धूलोले हानि गर्छ।

यसैले आप्त वाक्यहरू र शास्त्रहरूमा विश्वास र श्रध्दा गर, भगवान् तिम्रो कल्याण गर्नुहुन्छ।





ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन


मेरा बोलचाल,आहार,व्यवहार आदि धेरैजसो अंशमा ग्रामीण जनताहरूबाट पभावित छन् ।तिनीहरू पालिसदार तथा लच्छेदार भाषा बोल्न त जान्दैनन् तर तिनीहरूको हृदय भने अरू मानिसहरूको भन्दा अपेक्षाकृत शुध्द हुन्छ । ममा पनि यही कमजोरी छ ।




**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन
प्रतिदिन केही समय एकान्तमा बिताऊ, मौन रहने गर ।
वाणीको मौन पनि लाभकारी छ । यी दुवै भगवद्-ध्यान
र नाम-म्सरणमा अति सहायक छन् ।
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


दृष्टि कस्तो हुनुपर्छ हजुर ?
ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन
दृष्टि "अन्तर्मुखी" हुनुपर्छ
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

ईश्वरले तिमीलाई धन आदि दिएको छ भने हृदय खोलेर, उदार बनेर अधिकारी पात्रहरूलाई धन, वस्त्र, विद्या, आदिको दान गर। कसैसँग लिने अथवा माग्ने स्वप्नमा पनि विचार नगर। अरू केही पनि गर्न सक्तैनौ भने पनि मीठा बोलीले प्रत्येकको सत्कार त अवश्य गर्ने गर।



**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

धर्म यो वाधते न स धर्मःकुधर्म तत् ।
अविरोधी तु यो धर्म स धर्मो मुनिपुङ्गव॥

अर्थात् 'जुन धर्मले कुनै अर्को धर्मलाई वाधा दिन्छ,
त्यो धर्म धर्म होइन किन्तु अधर्म हो।
हे मुनिश्रेष्ठ !जुन सबैप्रति अविरोधी छ,त्यही धर्म हो ।'

जसरी ऐनाले सब प्रकारको प्रतिबीम्बलाई धारण गर्छ र
पनि ती कुनैसँग लिप्त भइरहँदैन,त्यस्तै जो न कसैलाई
बाधा दिन्छ न त कसैको बाधालाई नै ग्रहण गर्दछ,
त्यसैलाई धर्म भन्दछन्

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नम


## धर्मो रक्षति रक्षितः

## खप्तड स्वामीज्यूका "अमृत वचन"

परिश्रमी पश्चिमी देशहरुको उन्नतिको कारण
उनिहरुले परिश्रमलाई रुचाउनु र आलस्यलाई
घृणा गर्नु नै हो।तर हाम्रो स्थिती ठीक यसको
विपरीत छ। यही कुरा सबै दुःखको कारण हो।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका “अमृत वचन”

## श्रद्धाले नै प्रार्थनालाई सफलता प्रदान गर्दछ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## खप्तड स्वामीज्यूका "अमृत वचन"

अरु प्राणीहरुलाई मार्नु, चोरी तथा व्यभिचार-
यी तीन शरीर सम्वन्धी पाप हुन् ।


परनिन्दा, काठोर वचन, असत्य तथा अमर्यादित भाषण
यी चार वाणीहरुका पापकर्म हुन् ।

प्राणीहरुलाई कष्ट दिने विचार, कसैको सुख देख्न
नसक्नु, विपरित विचार-यी तीन मानसिक पाप कर्म हुन् ।

यी दश पापकर्मबाट सदा बच्नुपर्छ ।




ॐ श्री गुरुपरमात्मने नमः
धर्मो रक्षति रक्षितः
खप्तड स्वामीज्यूका "अमृत वचन"
"मोह सबै विकारको सेनापति हो"
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

"संसारको त्याग होइन,
सांसारिकताको त्याग हो"

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षित:


ॐ श्री गुरुपरमात्मने नमः

खप्तड स्वामीज्यूका "अमृत वचन"

दुश्चिन्ता नै मानव शरीरको महान शत्रु हो। यसबाट बच्नुपर्छ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

## धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

धर्मपालन गरेर जो मानव धर्मको रक्षा गर्दछ,
त्यो 'रक्षित धर्म' ले धर्मपालकलाइ रक्षा गर्दछ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

**धर्मो रक्षति रक्षितः**

# खप्तड स्वामीज्यूका "अमृत वचन"


मानवताको चरम लक्ष्य धर्मपालन नै हुनुपर्छ;

जनु मान्छे धर्माचरण गर्दैन,

त्यस धर्म-त्यागीलाइ धर्मले पनि त्यागिदिन्छ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

ईश्वरको सत्ताको ठूलो प्रमाण त ती महात्मा हुन, जसले आफूले आफैलाई श्रीभगवान्‌कै मार्गमा लगाएका छन्। यी महात्मा कसरी मिल्लान् र यिनको पहिचान क्या हो? यसको उत्तर यो हो- शुध्द औ तीब्र इच्छा भएपछि ति आफू नै मिल्दछन् र उनको पहिचान खालि यही हो सम्मुख आउँदा नै हृदय उनलाई मान्दछ, योभन्दा प्रबल प्रमाण अरु कुनै छैन।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

मानवमात्रले आफ्नो उत्कर्षका लागि सदाचारको पालन गरेर रहनुपर्छ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




धर्मो रक्षति रक्षित:

# खप्तड स्वामीज्यूका "अमृत वचन"

भगवान् नै भगवान्मा बसेर भगवान्को भागवती लीला गरिरहेका छन्।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

यथार्थ कथनलाई सत्य भन्दछन्। त्यसले सबै लोकहरुमा सुख प्रदान गर्दछ। यसको उल्टो भनाइलाई असत्य भन्दछन्। यसबाट सर्वत्र दुःख हुन्छ। महाभारतमा-

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

## खप्तड स्वामीज्यूका "अमृत वचन"

राजा हरिश्चन्द्र रानी शैब्यासँग पुत्र जलाउने करको रुपमा आफ्नो धोती च्यातेर दिन विवश गर्दछन्, तर घर्मपथमा अविचल र निश्चिन्त रहन्छन्।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





# खप्तड स्वामीज्यूका "अमृत वचन"

यो आत्मा परमात्माकै सनातन अंश हो, परमात्माकै स्वरुप हो, तर जबसम्म यसको स्थिति प्रकृतिमा रहन्छ, तबसम्म यो जीवात्मा भनिन्छ तथा तबसम्म यसले प्रकृतिजन्य गुणहरुको भोग गर्नुपर्ने तथा गुणहरुको सङ्गले गर्दा असल-खराब योनिहरुमा जानुपर्ने हुन्छ।

असङ्ग, अक्रिय, नित्य, आनन्दमय भए तापनि यो प्रकृतिस्थित हुनले सुख-दुःखको भोग गर्नुपर्दछ।

यस प्रकृतिबाट अहंलाई हटाएर यसलाई सत् तथा आनन्दमय सर्वगत अविनाशी आत्मामा स्थापित गर तथा प्रकृतिजन्य गुणहरुको पासोबाट उम्केर सुख-दुःखसाथ अतीत, अनामय, आनन्दमय ब्राह्मी स्थितिमा स्थित होऊ।





ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

## खप्तड स्वामीज्यूका "अमृत वचन"

हिन्दूधर्मका रगद्वेषशून्य, सर्वसुहृत्, दिव्यदृष्टिसम्पन्न, त्यागी र त्रिकालदशर्री महर्षिहरुले भगवान्द्वारा निर्मित यस सत्यको साक्षात्कार गरे। त्यसपछि त्यसै सत्यको आधारमा समाजको निर्माण गरी त्यस समाजलाई सुवव्यस्थित, शान्तिशीलमय, सर्वोदय- प्रयासी, सुखि, कर्मप्रवण, स्वार्थदृष्टिशून्य र सुरक्षित तुल्याए। यस वर्णविभागको संमरचनामा कुनै पक्षपात भएको छैन। यहाँ न कसैका लागि विशेष छूट छ, न त कसैको स्वत्वको अपहरण। सबैको कल्याण नै यसको लक्ष्य हो। सामाजिक सुवव्यस्थका लागि मनुष्यका चार विभाग, सबै देश र सबै कालहरुमा आवश्यक छन् र सबैमा कुनै न कुनै प्रकारले यी चार विभाग थिए र छन्। आवश्य नै सर्वसुखाभिलाषि ऋषिहरुको यस देशमा यी जति सुवव्यस्थित रुपमा रहे त्यति अन्यत्र कहीं रहन सकेनन्।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः


## खप्तड स्वामीज्यूका "अमृत वचन"

अखण्ड ज्ञान, अखण्ड ऐश्वर्य, अखण्ड भाव-यी सबै मनुष्यदेहमा मात्र अवस्था विशेषमा व्यक्त हुन सक्तछन्। मनुष्ययोनिमा बाहेक अन्य कुनै योनिमा पूर्णत्वको मार्गमाथि आरुढ हुनु सम्भव छैन।

यसै कारण शास्त्रहरुमा भनिएको छ-देवताहरु पनि मनुष्य-शरीरको स्तुति गर्ने गर्दछन्।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

## खप्तड स्वामीज्यूका "अमृत वचन"

भगवान्को लागि संसारलाई त्याग्नुपरे पनि कुनै आपत्ति छैन, तर संसारको लागि भगवान्लाई त्याग्न वा बिर्सनु हुँदैन।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

## खप्तड स्वामीज्यूका "अमृत वचन"

सबै सुम्पिदेऊ उनै परमपिता परमात्मालाई। संसाररुपी डरलाग्दो चुलोमा कर्तब्यरुपी आगोले सबैलाई पोलिरहेको छ। उक्त स्थितिमा ईश्वरार्पणभावरुपी अमृतचषको पान गर र प्रसन्न बन।





ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाऽप्यहम्।। श्रीमद्भगवद्गीता-९।२९

अर्थात 'म सम्पूर्ण प्राणीमा समभावले व्याप्त रहेको छु, मेरो न कोही अप्रिय छ र प्रिय, परन्तु (यस समताभावले रहीकन पनि) मलाई जो प्रेम भक्तिपूर्वक भज्दछ त्यो ममा छ र म त्यसमा छु'।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

सबै कर्म एक जस्तो हुन सक्दैन र एक जस्तै बनाउने व्यर्थ चेष्टा पनि गर्नु हुन्न। नाटकमा सबै पात्रले एकै पात्रको अभिनय गर्न खोजे भने खेल नै बिग्रन्छ। आ-आफ्नो ठाउँमा सबैको जरूरत छ र महत्त्व पनि छ।



**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





## ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

हे लक्ष्मण ! सती सीता परामर्श दिनमा मन्त्री समान,कार्य गर्नमा-सदृशी,धर्मकार्यमा अर्द्धाङ्गिनी र पृथ्वीतुल्य सहनशीला,माताको समान स्नेहशीला,सहवासमा दिव्यस्त्री र कौतुकको समय सखी सदृश आचरणशीला छन्।यी सवै सती स्त्रीको दिव्य गुणावली हो

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

यस सङ्कलनमा यथासम्भव धर्मको मौलिकताको संरक्षण गर्दै उदारनीति अपनाइएको छ।समयको माग एवम् उदारताको नाममा धर्मको मौलिकताको परित्याग मेरो बिचारमा बाञ्छनीय हुदैन।बीचको बाटो नै ठीक हुन्छ।यति सङ्कीर्ण नवन कि अरू मानिस तिम्रो नजीक नै नआउन् र यति उदार पनि नबन कि अरूले तिम्रो अत्याधिक उदारताको अनुचित लाभ उठाएर तिम्रै लागि अनेक समस्या उत्पन्न गरिदिउन।सबै धर्मप्रति आदर र आफ्नो धर्ममा दृढ आस्था एवं विश्वास राख्नु-यही नै मध्यम मार्ग हो।



**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





# खप्तड स्वामीज्यूका "अमृत वचन"

ऐ मुर्ख किनयसरी लुकेर पापी प्रवृत्तिमा लाग्दैछस् ? यो कुरा नबिर्सी कि धर्मराजको दरबारमा एकदिन तैले यस कुराको उत्तर दिनुपर्नेछ। यो नसोच् कि तँलाई कसैले दखे्को छैन।

धर्म-विज्ञान, भाग २ पेज : ङ

## सदा स्मरण राख् कि-

"द्यौर्भूमिरापो हृदयं चन्द्रार्काग्निर्यमानिला:।
रात्री: सन्ध्ये च धर्मश्च वृत्तज्ञा: सर्वदेहिनाम"॥

अर्थात द्युलोक, पृथ्वी, जल, अग्नि हृदयमा बसिरहेको भगवान्को प्रतिनिधि आत्मा, सूर्य, चन्द्र, यम, वायु तथा रात्री दुवै सन्ध्याहरु दैवी शक्तिहरु मानिसहरुले लुकी-लुकी गरेका सम्पूर्ण कार्यहरु अवश्य देख्दछन्।






ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

यस युगमा के शिक्षित, के अशिक्षित प्रायःअधिकांश जनसमुदाय
संसारिक भोगविलसलाई नै साँचो सुख मानेर केवल भौतिक
उन्नतिकै चेष्टामा प्रवित्त छ। मनुष्यहरू प्रायःयस परम सत्यलाई
बिर्सिसकेका छन् कि यो विषयेन्द्रिजनित भौतिक सुख नाशवान्
क्षणिक, परिणाममा सर्वथा दुःखस्वरूप हो।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

अनुभवी महात्माहरु भन्दछन् कि जगत्‌को प्रत्येक जड वस्तुको जसरी आकार र रङ्ग हुन्छ उसारी नै विचारहरुको पनि रङ्ग र आकार हुन्छ। तर विचार सूक्ष्म छन्, यसैले उनको आकार र रङ्ग यी बाहिरी नेत्रहरुबाट दखिंदैनन्। केवल जसको अर्न्तदृष्टि छ, उनैलाई देखा पर्छ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

यस कुरामा शङ्का छैन-विज्ञानले दुःख-कष्ट कम गर्ने धेरै उपायहरू बतायो,त्यसको साथसाथै शुध्द भावले निकै हदसम्म यस दुःखको निदान गर्ने प्रयत्न गर्‍यो जसको लागि हाम्रो हृदयमा असीम कृतज्ञता छ; तर अपशोच! यति गरेर पनि संसार बाट दुःख घटेन वाह्य उन्नतिबाट हार्दिक उन्नति हुनसकेन। विज्ञानले सुखका अनेकौं साधनहरू बनायो जसबाट मनुष्यलाई धेरै आरामा मिल्यो, बाहिरी दुःख निश्चयस नै कम भयो, तर यी कुराहरूबाट हार्दिक शान्ति किन प्राप्त हुनसकेन? सकल-सुखसाधन-सम्पन्न व्यक्तिहरू पनि दुःखी नै छन् र उनीहरू प्रश्न गर्दछन्-शान्ति कहाँ छ?

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

आफ्नो समझले कहिल्यै कुनै खराव काम नगर, नीयत खराव नगर र फल नराम्रो भएमा पनि चित्त नदुखाऊ। यस्तै किसिमले आफ्नो समझले राम्रो काम गर, राम्रो नीयत राख फल त विधाताको हातमा छ। तिमी आफ्नो काम गर। विधाताको विधानलाई पल्टाउने व्यर्थको चेष्टा नगर ।यसैमा तिम्रो र संसारको सच्चा सुधार छ। यही कर्महरूमा कौशलरूप योग हो। यही निष्काम कर्म हो। यही चित्त-शुद्धिको कारण हो, यसैबाट चित्त-शुद्ध भएपछि मानिस ज्ञानको अधिकारी बन्दछ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

भक्ति र भक्तिका प्रकारभेद- सर्वसुहृत्, सर्वज्ञ, सर्वशक्तिमान्
भागवन्‌मा निर्भर रहेर जो भक्ति गर्दछन तिनीहरू नै भक्त हुन्।
ज्ञानयोगको अधिकारिलाई पहिले साधना- चतुष्टय
(विवेक, वैराग्य, षटसम्पत्ति र मुमुक्षुता)- ले युक्त हुनु जरूरी छ।
विनाविरक्ति ज्ञानयोगको अधिकारि कोही पनि हुन सक्तैन र
अनाधिकारि प्रयत्न गरेर पनि ज्ञानको मुख्य फल पाउन सक्तैन,
तर भक्तिको अधिकारि सबै हुन सक्छन

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

उपर्युक्त नौ प्रकारका भक्तिलाई तीन भागमा विभक्त गर्न सकिन्छ-

(१) श्रवण, कीर्तन र स्मरण (नाममहिमा)।

(२) पादसेवन, अर्चन र वन्दन (मूर्तिका उपासन)।

(३) दास्य, सख्य र आत्मनिवेदन (श्रद्धाविशेष)

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "आफ्ना विचार शुद्ध र पवित्र राख"

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन
प्रत्येक प्राणीको सेवा भगवान्को नै सेवा हो।
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षितः


ॐ श्री गुरुपरमात्मने नमः

खप्तड स्वामीज्यूका "अमृत वचन"

"प्रत्येक व्यक्तिमा हुनुपर्ने सबैभन्दा ठुलो कुरा चरित्र बल हो"।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

जीवात्मा प्रकाशकण हो र परमात्मा प्रकाशको समूह ।
अतःजीवात्मा परमात्माको अंश हो। यसकाणर प्रत्येक
प्राणीको शरीर, जहाँ जीवात्मा रहन्छ,
परमात्माको नै मन्दिर हो ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नम

ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

तिमी स्वयं शान्तिको भण्डार हौं, तिमी पूर्ण हौं,


तिमी अखण्ड हौं, तिमी आनन्दस्वरूप हौं,

तिमी सत् हौं, तिमी चेतन हौं, तिमी अनन्त हौं।

तिमी कूटस्थ हौं, तिमी ध्रुव हौं, र तिमी सनातन हौं

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षितः

ॐ श्री गुरुपरमात्मने नमः

## खप्तड स्वामीज्यूका "अमृत वचन"

## "कहिल्यै छल, कपट, दम्भ, असत्य, अन्याय, तथा हिंसा नगर"

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षितः

ॐ श्री गुरुपरमात्मने नमः

खप्तड स्वामीज्यूका "अमृत वचन"

"वास्तविक ज्ञानी, वास्तविक निष्कामकर्मी तथा वास्तविक भक्त कहिल्यै छल, कपट, दम्भ, असत्य, अन्याय, तथा हिंसा आदिको अवलम्वन गर्न सक्तैन"।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




धर्मो रक्षति रक्षित:

# खप्तड स्वामीज्यूका "अमृत वचन"

नराम्रो इच्छा र नराम्रो विचार गर्नेलाई तीर्थयात्रा, दान, व्रत, जप, सन्यासले बचाउन सक्दैनन् । त्यसैले सदा उत्तम विचार गर्नुपर्दछ ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




धर्मो रक्षति रक्षित:

# खप्तड स्वामीज्यूका "अमृत वचन"

धर्म आत्मा हो र विविध सम्प्रदाय त्यसको शरीर हो। सबै शरीरमा आत्मा एक नै छ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "बालकलाई भन्दा पहिले बालकका आमा-बाबुलाई भगवान्‌ले सदबुध्दि प्रदान गर्नुपर्छ"।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

सर्वप्रथम हृदयलाई पवित्र गर। हृदयको पवित्रता के कुरा हो?
नम्रता (विनय), प्रेम, विश्वास, प्रार्थना, सहनशीलता, आत्मसमर्पण
यी कुराहरूलाई प्रथम नियमरूप स्वीकार गर्नाले, चाहे अन्धविश्वासपूर्वक
नै किन नहोओस, हृदय शुध्द हुन थाल्छ। यसपछि त्यो सत्ता स्वयं नै
आफ्नो प्रभाव एवम आफूप्रतिको विश्वास बढाउन थाल्दछ-।



**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

मानव जीवनको लक्ष्य वास्तवमा भगवत्प्राति या मुक्ति हो।

मनुष्य शरीर विना अन्य शरीरमा

''परम शान्ति र परमानन्द''को प्राप्ति संभव छैन।

परम शान्ति र परमानन्द''जो सबै सङ्ग आफु भित्रै छ

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "दुर्जनदेखि टाढा रहू"

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन
जो मनैदेखि सत्यको उपासक छ,सत्यलाई जान्न पूर्ण अभिलाषा राख्दछ,त्यो कुनै प्रकारको परिश्रमलाई परिश्रम सम्झँदैन।
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

जनु दिन तिमी आफ्नो विवेक दृष्टिमा असल
भइहाल्नेछौ त्यो दिन अर्काको मान-अपमान,
निन्दा-स्तुतिको बिल्कुल परवाह रहने छैन।

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन
अनुचित भाव तथा विचारहरूलाई
मस्तिष्कमा प्रवेश हुन नदेऊ।
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "अरुका नराम्रा विचारहरुलाई कहिल्यै ग्रहण नगर"

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः


# खप्तड स्वामीज्यूका "अमृत वचन"

सत्य बोल्ने साधु हो र सत्य भन्दा उत्तम अरु छैन्।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


ॐ श्री गुरुपरमात्मने नमः
धर्मो रक्षति रक्षितः
खप्तड स्वामीज्यूका "अमृत वचन"
"कहिल्यै कसैको निन्दा नगर"
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यू मर्जिहुन्छः-''गाई''यी मूक दिव्य आत्मा हुन

गाईको उपकारलाई को सहृदय बिर्सन सक्तछ? रूखासुखा घाँस खाएर

अमृततुल्य दूध,दही,घिउ दिने,जसलाई खाएर नैहामी बलवान,बुद्धिमान


हुने दावा गर्दछौं,जसको प्यारो सन्तान आफ्नो शरीर भाचेर हाम्रा

अन्नोउत्पादनमा सहायता गर्दछ,मरेर पनि जो उपकार गर्न छोड्दैन।

तिमी मानव हौ,विचार गर!यी मूक दिव्य आत्माप्रति हाम्रा के कर्त्तव्य छ?

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

जसरी तिमीलाई अनुकूलबाट सुख र प्रतिकूलबाट दुःख हुन्छ त्यस्तै सबैलाई हुन्छ। मनले, वचनले, शरीरले, कसैलाई पीडा नदेऊ, मनले सबैको भलाइ गर, वाणीले हित र मधुर बोल्ने गर, शरीरले कष्ट नदेऊ, सर्वेश्वरको भक्त भएर सुखी भइहाल ! शान्त भइहाल !!





ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

राम्रोसँग सावधान हुन सक्यौ भने संसारको दृष्टिमा तिमी
बच्न सक्नेछौ तर आफ्नो दृष्टिमा कदापि बच्न सक्दैनौ।
भ्रममा जति पर रहे पनि जबसम्म आफ्नो दृष्टिमा ठीक भइन्न
तबसम्म आन्तरिक ग्लानि र व्यथा सञ्चो हुँदैन।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

संसारमा जति पानि मतभेद देखिन्छन्, त्यो सबै साधनलाई लिएर भएको हो, लक्ष्यलाई लिएर होइन लक्ष्य त सबैको एक नै छ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

प्रत्येक प्राणीको शरीर, जहाँ जीवात्मा रहन्छ,
परमात्माको नै मन्दिार हो।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

शास्त्रहरूमा यो कुरा भनिएको छ कि संसारमा जति जीव छन् ती सबै परमात्माका अंश हुन् र मानिस ती सबैमा श्रेष्ठ हो।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

म भक्तको पाउको धुलो-(पदरज)को इच्छा रखी
सदा उसको पछिपछि धुमि रहन्छु जसबाट उसको
चरणको धुलो उडेर मेरो "शिरमा" परी म पवित्र बनुँ।
हे ब्राह्मण म सधैं भक्तको अधीनमा छु।
ममा अलिकति पनि स्वतन्त्रता छैन। श्रीमद्भगवद्गीता

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन
योग्य नागरिकहरूका गुणहरू
सत्यभाषण, आवश्यकतानुसार अरूलाई मद्दत गर्नु,
मातृभूमिप्रति प्रेम, सद्व्यवहार, सदाचार-पालन आदि
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "अरुको दोष नदेख, गुण देख"

वेद हाम्रो धर्म शास्त्र हो


विश्वको एकमात्र स्वतन्त्र हिन्दु राष्ट्र नेपाल



## खप्तड स्वामीज्यूका "अमृत वचन"

ठूलो हर्षको कुरा यो छ कि हाम्रा ऋषि-मुनिहरुको
"विद्याको" उत्थान पश्चिमि मानिसहरुद्वारा
बडो तीव्रताका साथ भईरहेछ अतःहामिहरुले पनि घोर
निन्द्राबाट बिउँभेर आफ्ना पूर्वजहरुद्वारा सम्पादित
"विद्या" लाई पुन विकसित गर्नुपदर्छ,
जसबाट हाम्रो सर्वाङ्गीण उन्नती हुन सकोस।

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षितः

खप्तड स्वामीज्यूका "अमृत वचन"

के"मृत्यु"लाई टार्न सकिन्छ हजुर ?

स्वामीज्यू मर्जिहुन्छ :-"मृत्यु"लाई हामी टार्न सक्दैनम ।

(यहाँनिर स्वामीज्यू आफूलाई हामी शद्ब प्रयोग गर्नु हुन्छ)

तर"मृत्युको त्रास"लाई भने अवश्य टार्न सक्छौं ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

यँहा जति पानि लेखिएको छ हिन्दू धर्मको वैवाहिक पद्धतिको अनुसार नै लेखिएको छ,किनभने हामीहरू संसारको एकमात्र हिन्दू देशका नागरिक हौ,तथा हाम्रो हिन्दू संस्कृतिको धरातल अति उच्च छ ।

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

धर्म र धार्मिक शिक्षाको अर्थ मरो सोचाईमा संकीर्णता,
साम्प्रदायीकता, रूढीवादा र अन्धविश्वा बिल्कुलै होइन,
त्यसको सट्टा वैज्ञानिक व्याख्या सम्पन्न परम व्यावहारिक,
उदार विसाल तथा अविरोधी धर्म र धार्मिक शिक्षा हो ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

ईश्वर, आमाबाबु, गुरु, गाई, र शास्त्र यी पाचँ
मानव मात्रको निरन्तर उपकार गर्दछन्,
यी पाचँकै सेवाको दृढ निश्चय गर।



**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





## खप्तड स्वामीज्यूका "अमृत वचन"

नरक यन्त्रणा-सुनेर डराउलास् र 'सबै यस्तै त हो' भन्लास्, तर शास्त्रमा र सबै धर्महरुमा वर्णन छ नरकको। 'शरीर टुक्रा टुक्रा पारि काट्छन् र आगो या उम्लेको कराहीमा पकाउँछन्। तर न मूर्छा, न त मृत्यु हुन्छ। शरीर काटेको र भस्म गरेको वेदना हुन्छ र भई नै रहन्छ हजारौं हजार वर्षसम्म। नरकको शरीर त 'यातना देह' हो र त्यो काटेर पनि काटिन्न, पोलेर पनि भस्म हुँदैन। त्यो त अपार दुःख र पीर भोग्नका लागि नै हो। एक सीमासम्मको वेदना भएमा संसारमा देहधारीको मरण हुन्छ, तर घोर पाप भएको खण्डमा, लामो समयसम्म दण्डको पीड भोग्नका लागि नै यमराजकहाँ नरकको स्थिति छ।





ॐ श्री गुरुपरमात्मने नमः

ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

धार्मिक शिक्षाको ठाउँमा नैतिक शिक्षाको नाम व्याख्यानहरूमा र भाषणहरूमा भनिन्छ, सुनिन्छ तर वास्तविकता यो छ कि विना धार्मिक शिक्षा नैतिकता आउन नै सक्तनै।



वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल






## ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

गीतामा भगवान्ले भनिबक्सेको छ-'सम:सर्वेषु भूतेषु मद्‌भगक्तिं लभते पराम्' अर्थात् सम्पूर्ण भूतमा समानभावले जो हेर्दछ, त्यो मेरो परा भक्तिलाई प्राप्त गर्दछ। यसकारण न कसैसँग राग गर, न कसैसँग द्वेष गर, सबै प्राणीमा समभावले अवस्थित जनार्दनलाई हेर।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

ईश्वरपरायणता-परमात्मा सर्वज्ञ, सर्वसामर्थ्य तथा सर्वव्यापक छन्; हाम्रो असल-खराब सबै कर्मलाई देख्दछन्। उनी हाम्रो हृदयमा विराजमान छन्। हामि अपराध गर्दछौं र परिणाममा छल-बलद्वारा राजदण्डबाट बच्दछौं, परन्तु प्रभुको दृष्टिबाट बच्न सक्तैनौं।





ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

व्यर्थ अर्काको प्रशंसा र आलोचनाको चिन्ता नगर। अर्काको निन्दा र स्तुतिले प्रभावित हुनु आफ्नो खोक्रोपनाको प्रमाण हो।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

धन भएर पानि एउटा सुखीछ र दोस्रो दुःखी किन छ ?

केवल आफ्ना विचारहरूबाट। एउटा संकुचि विचारको

स्वर्थी छ,दोस्रो उदार विचारको परमार्थी छ,परोपकारी छ

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

जुन देशका मानिसहरू इमानदार र परिश्रमि छन

सत्य बोलछन्, झुट बोल्दैन्न त्यो देश कलि युगको

"स्वर्ग" हो।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

पून्यस्थलः-मुहानपोखरि बुढानिलकण्ठ-२०५२ साल




ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

तीव्र इच्छा, दृढ विश्वास र अभ्यास- यी तिंनौटै परमावश्यक छन्।
यसबाट चरित्र संगठनको बाटो खुल्दछ। चरित्र गठन अर्थात स्वभाव
बनाउनु र चरित्र परिर्वतनको अर्थ हो स्वभावलाई बदल्नु

**वेद हामो धर्म शास्त्र हो**


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

त्यस सदाचारी पुरूष लाई हेर कि त्यो स्वयं सांसारिक द्वन्द- हरूबाट कसरीपर रहन्छ, त्यो कुन प्रकारले तिनमा लिप्त हुँदैन। कस्तो शान्त, धीर र स्थिर बुद्धि रहन्छ। उसमा कति आत्मा-संयम छ, अरू सब मानिस कति सुगमताले उसका अधीन हुन जान्छन्। त्यो मान, बढाँइको भोको हुँदैन। आफ्ना इन्द्रिहरूको स्वामी हुनाले समस्त विश्वको स्वामी छ उसको सामीप्यले दुःखीहरूको दुःख दूर हुन्छ, शान्ति प्राप्त हुन्छ। उसका बचन अमृततुल्य हुन्छन्, उसका संगबाट अपवित्र पनि पवित्र हुन जान्छ, संसार उसलाई पुज्दछ, उसमा परोपकारको अनन्त शक्ति भरिएको हुन्छ। यस प्रकार मानिस आफ्नो विचार शुद्ध गर्दा गर्दै सदाचारी हुन जान्छ।






## ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

''जीवन  क्षण भंगुर छ''। धर्म नै मनुष्यको वास्तविक सम्पत्ति हो। धर्मको परम तात्पर्य नै भगवत्प्राप्ति हो र भगवत्प्राप्तिको पथ सत्पुरूहरूषको सङ्गले बढ्दछ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




खप्तड स्वामीज्यूका "अमृत वचन"

श्रुति भन्दछ-उठ,जाग,असल असल कल्याणकरी कार्यमा लाग।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## खप्तड स्वामीज्यूका "अमृत वचन"

जसरी प्राणी मात्र वायुको आश्रम लिन्छन् त्यसरी नै सवै आश्रमका मानिस गृहस्थआश्रमीहरु बाट आश्रम पाउँछन्-"यस आश्रममा आएर मनुष्य सत्कर्म गरेर मोक्ष प्राप्त गर्न सक्तछ"।

वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नम:

धर्मो रक्षति रक्षित:

# खप्तड स्वामीज्यूका "अमृत वचन"

श्रीमद्‌भगवद्‌गीतामा प्रह्लादले आफ्ना पिताप्रति नवधा-(नौ प्रकारको) भक्ति-लक्षण भनेका छन्-

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम्ः।
अर्चनं वन्दनं दास्यं सख्यम आत्मनिवेदनम्॥

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

मनुष्यले सधैं मर्यादाको सीमारेखालिभित्र रही आदर्शोन्मुख जीवन व्यतित गर्न प्रयन्तशील रहनु पर्दछ । खराबीबाट बाच्नु नै भलाइतिर जानु हो ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

''मानव त आत्मा र शरीरको सुमधुर संयोगहो''

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

धन,आदर त के, पृथ्वीका समस्त वस्तुहरु पनि
प्राणको शताँशको बराबर पनि हुन सक्दैन।
यो जानेर नै शास्त्रहरुमा भनेको छ कि-
"आत्मार्थे पृथीवीं त्यजेत्"
आत्माको लागि पृथ्वीलाई पनि त्यागोस।





ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन


न कुलको अभिमान गर, न विद्या-धनदिको अभिमान गर, सबै उसै एक ईश्वरका अंश हुन्, सबै बराबर हुन्, सब मधुसूदन रूप हुन्, न कुनै शत्रु हुन्, न कुनै मित्र ।

''सबै जगतरूप धर्मशालामा चार दिनका पाहुना हुन्''।




**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन
जीवनको एक क्षणलाई पनि मूल्यवान् जानेर बडो सावधानीले
प्रत्येक क्षणलाई भगवत् चिन्तन गर्दै लोकहितको कार्यमा बिताऊ
वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



धर्मो रक्षति रक्षितः

खप्तड स्वामीज्यूका "अमृत वचन"

"व्यायाम आफ्नो बल अनुसार अवश्य गर्नु पर्दछ जसबाट सब शरीरको सङ्गठन होस"

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

हाम्रो जीवन गलत बाटो-बाट गइरहेको छ भने के त्यसै प्रवाहमा उसलाई बग्न दिन चाहनु हुन्छ र? हुँदैन, कदापि हुँदैन

## वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



# खप्तड स्वामीज्यूका "अमृत वचन"

## "कसैसँग लिने अथवा मागने स्वप्नमा पनि विचार नगर"

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

हामीले सत्य व्रतधारी आदर्श महापुरूषको जीवनलाई

आफ्नो पथ-प्रदर्शक बनाउनुपर्छ

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ खप्तड स्वामीज्यूका''अमृत''वचन

शास्त्रहरूमा यो कुरा भनिएको छ कि संसारमा जति जीव छन्
ती सबै परमात्माका अंश हुन् र मानिस ती सबैमा श्रेष्ठ हो,
मानिसलाई ईश्वरीय अंश मान्नुको कारण यही हो कि उ त्यसै
वृक्षको बीज हो,जसको प्रथम बीज ईश्वर हो।यसैले उसमा ती
सब गुण विद्यमान छन् जो परब्रह्म परमात्माका हुन्



**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

अन्तर्यामी भगवान् सबै प्राणीहरूमा रहनु हुन्छ,
अतः प्रत्येक नर-नारीको शरीर भगवान्‌को मन्दिर हो।
अतः कसैसँग ईर्ष्य-द्धेष राख्नु, कसैको अमङ्गल सोच्नु,
कसैलाई दुःख दिने चेष्टा, मन, बचन र शरीरले सबैको
खराबी गर्नु अन्तर्यामी भगवान्‌को अवहेलना गर्नु हो।
गरीब र दुःखीहरूको सेवा, सत्य, अहिंसा, न्याय, प्रत्येक
नर-नारीको कल्याण र प्रत्येक प्राणीहरूलाई सुखी
बनाउने चेष्टा नै अन्तर्यामी भगवान्‌को सेवा गर्नु हो।



# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





ॐ खप्तड स्वामीज्यूका ''अमृत'' वचन

एक सच्चिदानन्द, स्वयं ज्योति, स्वयं सिध्द परमात्मा नै वारपार देखिन्छ। हे भाइ ! विवेकका आँखा खोल, मोहको निद्रामा नसुत, विचारले काम लेऊ, अन्धाको समान ठक्कर नखाऊ, धेरैचोटि मरिसक्यौ, अब त नमर ! सावधान भैहाल !! आफ्नो स्वरूपमा प्रतिष्ठित भैहाल !!!





ॐ

ॐ श्री गुरुपरमात्मने नम

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

सुसंस्कृत, विदुषी र ज्ञान सम्पन्न महिलाहरूको परम्परा हिन्दू संस्कृतिमा त्यो बेलादेखि आजसम्म निरन्तर चलेर आएको छ। श्रीमद्भागवतमा ब्रज गोपिनीहरूको र ऋषि पत्नीहरूको जुन कथा आउँछ त्यसबाट यो बुझिन्थ्यो कि पुरूषहरूको अपेक्षा स्त्रीहरूमा नै यो अलौकिक ज्ञानको परम्परा ज्यादै सुन्दर रूपमा रहेर आइरहेछ।

भगवान्सँग हार्दिक प्रार्थना छः सुसंस्कृत, विदुषी र ज्ञान सम्पन्न सन्त महिलाहरूको यो समादरणीय परम्परा हिन्दू धर्ममा सधैँ फलोस् फुलोस् तथा सबै देशहरूमा र जातिहरूमा सबै कालमा मानव-जातिको अगाडि यो आदर्श बनिरहोस।

पुरूष मानव जहिले पनि विनाशको एक महान् साधक रहेको छ, पुरूष सन्त पनि कहीँ-कहीँ श्रृंखलित भएको छ। तर, सन्त महिलाहरूमा प्राणीमात्रको लागि करूणा र ईश्वरप्रति भक्ति सदा-सर्वदा अक्षुण्ण रहेको छ।



ॐ श्री गुरुपरमात्मने नमः

## खप्तड स्वामीज्यूका''अमृत''वचन

## म र मेरो कर्त्तव्य

मेरो विचारमा कुनै पनि मानिसले बिर्सन नहुने र अत्यन्तै महत्त्वपूर्ण कुरा यही नै छ कि सांस्कृतिक स्वाधीनता नै वास्तविक स्वाधीनता हो। पूर्ण स्वाधीनताको अर्थ केवल राजनीतिक स्वाधीनता मात्र होइन त्यसको साथै सांस्कृतिक स्वाधीनता अपरिहार्य छ। मुख्य कुरा यही छ कि अनेक जातिले एकपटक गुमाइसकेको राजनीतिक स्वाधीनता समय र परिस्थितिले साथ दिँदा पुनःफर्काएका छन् तर एकपटक गुमिसकेको धार्मिक र सांस्कृतिक परम्परा अपरिवर्तित र पूर्णरूपमा कायम गर्नु कुनै पनि समुदायको जीवनमा प्रायः असम्भ छ। संसारका कैयौं देशको इतिहास यस कुराको पूर्ण साक्षी छ। प्रत्येक धार्मिक स्वाधीनताका इच्छुक जनले यस कुरालाई स्वयं शान्त हृदयले विचार गर्नु अत्यावश्यक छ।



वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

